वर्ष : २०, अंक : ३९, काठमाडौं, २०८१ फागुन २३ गते शुक्रबार, 7 March, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# कांग्रेस-एमालेको नश्लीय चरित्रको शिकार भइन् पहिलो वरियताकी डा.मिश्र

काठमाडौं । डा. संगीता मिश्र स्वास्थ्य सचिवका लागि पहिलो नम्बरमा सिफारिस भएकी थिइन्, तर सरकारले नियोजित रूपमा उनको नियुक्ति रोकेर डा. विकास देवकोटालाई नियुक्त गरेको छ । डा. संगीताले २०७० असोज १० गते खुला प्रतिस्पर्धाबाट ११ औं तहमा नाम निकाल्दै पुनः स्वास्थ्य सेवामा काम सुरु गरेकी हुन् । त्यसयता उनले कोशी अस्पताल, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको प्रमुख भएर काम गरिन् भने स्वास्थ्य सेवा विभागको महानिर्देशक समेत भइसकेकी छिन् ।





नयाँ सचिव नियुक्तिका लागि बढुवा समितिले डा. संगीता कौशल मिश्रा, डा. देवकोटा र डा. टंक बाराकोटीको नाम सिफारिस गरेको थियो । त्यही सिफारिसलाई सामान्य प्रशासन मन्त्रालयले बुधबारको मन्त्रिपरिषद्को बैठकमा लगेको थियो । अतिरिक्त सचिवमा कार्यरत मिश्राले भने आफू वरिष्ठ हुँदाहुँदै कनिष्ठलाई सचिव बनाइएको भन्दै असन्तुष्टि जनाएकी छन् । आफू मधेशी महिला भएकैले स्वास्थ्यमन्त्री प्रदीप पौडेलले सचिव नबनाएको उनको आरोप छ ।

जब योग्य, सक्षम, मेहनती मधेशी महिलालाई पनि राज्यले यसरी पछाडि पार्छ, समावेशिताको कुरा मात्र खोक्रो नाराजस्तै लाग्छ । के मधेशी समुदायका महिलाहरू कहिल्यै निर्णय प्रक्रियाको नेतृत्व गर्न पाउँदैनन् भन्दै सामाजिक सञ्जालमा व्यापक आलोचना भइरहेको छ । के उनीहरूको मेहनत र योग्यता राज्यका लागि सधैं दोस्रो प्राथमिकतामा रहन्छ ? यदि समावेशिता, समान अवसर र न्यायको कुरा साँचो हो भने, किन फेरि एउटा मधेशी महिलामाथि यस्तो अन्याय गरियो ?

डा. मिश्राले आफ्नो अग्रसरतामा नेपालमा पहिलो पटक 'ह्युमन मिल्क बैंक' स्थापना गरिन्, कोशी अस्पतालको प्रशासनिक क्षमता सुधारिन् र परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको कुशल नेतृत्व गरेकी थिइन् । स्वास्थ्य सचिवका लागि लोकसेवा आयोगको सिफारिस सूचीमा पहिलो नम्बरमा रहेकी डा. मिश्रलाई सरकारले नियुक्त नगरी दोस्रो नम्बरका उम्मेदवारलाई चयन गर्नु निन्दनीय छ । यो केवल व्यक्तिगत अन्याय होइन, मधेशी समुदाय र महिलामाथि गरिँदै आएको संस्थागत विभेदको निरन्तरता हो ।

सरकारले वरियताक्रम छलेर डा. संगीता मिश्रले पाउनुपर्ने स्वास्थ्य सचिवको नियुक्ति अर्का व्यक्तिलाई दिएको छ । मधेशी र महिला हुनु उनी नियुक्ति नहुनुपर्ने कारण बन्न पुगेको छ । ओली सरकारले छानीछानी योग्य र सक्षम सावित भइसकेका व्यक्तिहरूमाथि अन्याय किन गर्दै छ ? सर्वत्र चासो छ ।

मधेशी समुदायलाई करदाता, मतदाता तथा आन्तरिक उपनिवेशको रैतीसम्मको मात्रै बुझाइले जटिल समस्या उत्पन्न गराउनका लागि निमन्त्रणा दिइरहेको छ, वर्तमान सरकारले । सिंहदरबारबाट नै पालिकासम्मको नियन्त्रण गरिराख्नु, संघीयता कार्यान्वयनप्रति उदासीनता देखाउनु, राज्यको हरेक अङ्ग विभेदकारी रहनु, प्राप्त राजनीतिक उपलब्धिहरुलाई कार्यान्वयन गराउन आवश्यक ऐन, कानुनहरु प्रति उदासीनता देखाउनु, मधेशी समुदायलाई मधेशमै अल्पसंख्यकमा पार्न महेन्द्रपथको हिडाइले वर्तमान सरकारको गलत नियत स्पष्ट गर्दछ ।

साम्प्रदायिक राज्यसत्ता र वर्तमान सरकारको गलत नियतलाई बल पुऱ्याउने गरि मधेश प्रदेश सरकारको क्रियाकलाप तथा कतिपय स्थानीय सरकारको क्रियाकलापले जनअसन्तोष बढाएर उनीहरुलाइ सहयोग पुऱ्याइरहेको स्थिति पनि छ । डा. मिश्र कुनै सामान्य चिकित्सा पेशाकर्मी होइनन् । उनी नेपालकै एक कुशल, अनुभवी, र साहसी स्वास्थ्यकर्मी हुन् ।

फुलब्राइट कार्यक्रम अन्तर्गत अमेरिका सरकारको छात्रवृत्ति प्राप्त गर्दै अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्ठित अध्ययन पूरा गरेकी छन् । कोशी अस्पतालकी मेडिकल सुपरिन्टेन्डेन्टको रूपमा ऋइखक्ष्म-१९ महामारीको समयमा अग्रपंक्तिमा बसेर नेतृत्व गरिन् । पहिलो चरणमै ज्वरो क्लिनिक, आइसोलेसन वार्ड, डब्लुएचओ मापदण्ड अनुसारको सरसफाइ व्यवस्था, पीपीई, मास्क, र स्यानिटाइजरको स्थानीय उत्पादनको पहल गरिन् । परोपकार प्रसूति तथा महिला अस्पताल, थापाथलीको निर्देशक भएर महिला स्वास्थ्य सेवामा नेतृत्वदायी भूमिका निभाइन् ।

जब मधेशीहरू अवसरको माग गर्छन्, तिनीहरूलाई मेरिटोक्रेसीको पाठ पढाइन्छ । तर जब मधेशी महिला नै मेरिटमा अगाडि आउँछिन्, राज्य संयन्त्रले जातीय पूर्वाग्रहका आधारमा उनलाई अस्वीकार गर्छ । यदि सरकार समावेशिता, समान अवसर, र न्याय को पक्षधर छ भने, किन डा. संगीता मिश्रमाथि अन्याय गरियो ? के मधेशी महिला कहिल्यै निर्णय प्रक्रियाको नेतृत्व गर्न पाउँदैनन् ? यो निर्णय नस्लीय विभेद को स्पष्ट प्रमाण हो, जुन सबैले एकस्वरमा विरोध गर्नुपर्छ । न्यायको लागि लड्न तयार रहनुपर्छ ।

## स्वास्थ्यमन्त्रीलाई बर्खास्त गर्नुपर्छ : सिंह



काठमाडौं । स्वतन्त्र सांसद अमरेशकुमार सिंहले स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेललाई बर्खास्त गर्न माग गरेका छन् । प्रतिनिधि सभाको बैठकमा बिहीबार बोल्ने क्रममा सिंहले प्रधानमन्त्री केपी शर्मा ओलीलाई मन्त्री पौडेललाई तुरुन्त बर्खास्त गर्न माग गरेका हुन् । स्वास्थ्य मन्त्रालयको सचिवमा भएको निर्णयप्रति विरोध जनाउँदै सिनियरका आधारमा डा. संगिता मिश्र हुनुपर्नेमा देवकोटालाई गरिएको भन्दै आपत्ति जनाए । मन्त्रिपरिषद्को बुधबारको बैठकले स्वास्थ्य सचिवमा विकास देवकोटालाई बढुवा गर्ने निर्णय गरेको थियो ।

## जनमत पार्टीको बैठक बर्दिवासमा बस्दै



काठमाडौं । जनमत पार्टीको केन्द्रीय समितिको पूर्ण बैठक र मधेश प्रदेश समन्वय समितिको बैठक अर्को साता महोत्तरीको बर्दिवासमा बस्ने भएको छ । आइतबार जनमत पार्टीको केन्द्रीय सचिवालय समितिको बसेको बैठकले केन्द्रीय समिति र मधेश प्रदेश समितिको बैठक मिति, समय स्थान तय गरेको हो ।

केन्द्रीय समितिको बैठक फागुन २५ र २६ गते र मधेश प्रदेश समन्वय समितिको बैठक २७ गते बर्दिवासस्थित पावन मिथिला होटलमा बस्ने जनमत पार्टीका प्रवक्ता डा.शरदसिंह यादवले जनाएका छन् । डा. चन्द्रकान्त राउत नेतृत्वको जनमत पार्टी र रेशम-रञ्जिता नेतृत्वको नागरिक उन्मुक्ति पार्टीबीच पार्टी एकताको अन्तिम तयारी भइरहेको छ ।

यसैबीच, जनमत र नाउपा एकता प्रक्रियाका कामहरू अगाडि बढिरहेको छ । मंगलबारमात्रै काठमाडौंस्थित एक होटेलमा दुई पार्टीका नेताले यस विषयमा संवाद गरेका थिए । दुवै पार्टी एकताको अन्तिम तयारीमा पुगे पनि दुवै पार्टीले यस विषयको टुङ्गो भने केन्द्रीय समिति बैठकबाट लगाउने जनाएको छ ।

## गौर राइस मिलको जग्गा प्रकरण : कतै समर्थन, कतै विरोध

राकेश यादव, रौतहट । जिल्लाको सदरमुकाम गौरको मध्य भागमा रहेको गौर राइस आयल एन्ड फ्लोर मिल्स नेपाल लिमिटेडको नाउँमा सर्वे नापी भएको जग्गाको विषयमा विवाद चर्किएको छ ।




वर्षौंदेखि सार्वजनिक गर्नु पर्ने विषयमा चर्चा चल्दै आएको उक्त राइस मिलको जग्गाको विषयमा गौर नगरपालिकाका नगर प्रमुख शम्भू साहले निशुल्क रुपमा दानमा नगरपालिकाले २ बिघा १५ कट्ठा जग्गा खेलकूद मैदानको रुपमा पाइरहेको अभिव्यक्ति सार्वजनिक गरेपछि विवाद चर्किएको हो ।

गौर नगरपालिकाले लिएको निर्णयको पक्ष र विपक्षमा गरी दुई धारमा स्थानीय विभाजित देखिएको छ । कतै नगरपालिकाको निर्णयको समर्थन भैरहेको छ भने कतै विरोध हुने शुरू भएको हो ।

२००३ सालमा स्थापना भई सञ्चालनमा आएको राइस आयल एन्ड फ्लोर मिल्सको नाउँमा २०२१ सालमा सर्वे हुँदा ५ बिघा १९ कट्ठा १५ धुर उद्योगको भवनसहित नाउँमा सर्वे भएको जग्गा मिल बन्द भएपछि वर्षौंदेखि सभा, सम्मलेन, व्यापर मेला, क्रिकेट खेल मैदानको रुपमा प्रयोग हुँदै आएको छ ।

उद्योगको शेयर धनिले बन्द भएको गौर राइस आयल एन्ड फ्लोर मिल्सलाई पुनः सञ्चालनमा नल्याई भएको जग्गा बिक्री वितरण गर्ने चलखेल शुरू गरेपछि सो जग्गा गौर नगरपालिकाको नाउँमा अधिग्रहण गरी खेल मैदानको रुपमा सार्वजनिक प्रयोगका

बाँकी अन्तिम पृष्ठमा

## पिछडावर्ग महासंघ आन्दोलित



काठमाडौं । नेपाल पिछडावर्ग (ओबीसी) महासंघले पाँचबुँदे माग राख्दै सोमबारदेखि आन्दोलन सुरु गरेको छ । पिछडावर्ग महासंघले काठमाडौंको माइतीघर मण्डलामा अनिश्चितकालीन धर्ना सुरु गरेको हो ।

उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति, पिछडिएको समुदाय ( ओबीसी) उत्थान विकास समिति र वादी समुदाय उत्थान विकास समितिहरुलाई यथाशीघ्र सञ्चालन गर्न मागसहित पिछडावर्ग महासंघ आन्दोलित भएको छ ।

तीनवटा विकास समितिहरुमा रिक्त रहेको पदमा यथाशीघ्र पदाधिकारीहरु नियुक्ति गर्नुपर्ने, राष्ट्रिय समावेशी आयोगले पिछडावर्गको थर सूचिकरणका लागि गरिएको सिफारिस मन्त्रिपरिषद्बाट पास गरी यथाशीघ्र ओबीसी आरण लागू गर्न माग महासंघले गरेको हो ।

यसैगरी, नेपाल सरकार र नेपाल पिछडावर्ग (ओबीसी) महासंघ, दलित संघ तथा वादी समुदायबीच भएको सम्झौताहरु लागू गर्नुपर्ने र

बाँकी अन्तिम पृष्ठमा

## 'नो केबुलकार' आन्दोलनमा नेपाल संघीय समाजवादीको समर्थन

काठमाडौं । मुक्कुमलुङमा केबुलकार निर्माण खारेजीका लागि भइरहेको आन्दोलनमा पूर्वगृह राज्यमन्त्री मो.रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीले समर्थन जनाएको छ ।

काठमाडौंको माइतीघर मण्डलामा मुक्कुमलुङ जनताको नो केबुलकार आन्दोलनलाई समर्थन गर्दै नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष अन्सारीले सम्बोधन गरेका हुन् ।

उनले यो आन्दोलन लिम्बुहरूको आन्दोलन मात्रै नभएको भन्दै यो सम्पूर्ण नेपालको उत्पीडित जनता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, दलित, महिला र आर्थिक उत्पीडनमा परेका सम्पूर्ण नेपाली जनताको आन्दोलन रहेको बताए ।




राज्यद्वारा गरिएको दमनको घोर भर्त्सना तथा निन्दा गर्दै उनले दमन र उत्पीडन गर्ने यस घटनाका जिम्मेवार दोषीहरुलाई छानबिन गरी तुरुन्त कारबाही गर्न र वार्ताको वातावरण निर्माण गर्न सरकारसँग जोडदार माग गरेका छन् ।

उनले भने, 'सरकारले उत्पीडित जनतालाई आफ्नो अधिकार र पहिचान माग्दाखेरि र संवैधानिक अधिकारको प्रयोग गर्न खोज्दाखेरि जसरी राज्यले दमन गरिरहेको छ र राज्यको त्यो हिम्मत र साहस र यति हेप्ने प्रवृत्ति किन भइरहेको छ भने उत्पीडित जनताहरूको बीचमा आपसमा मेल छैन ।'

'राज्यद्वारा जब जनताले जायज मागहरू राख्दाखेरि दमन हुन्छ र राज्यले आफ्नो सीमा नाघेर बन्दुकको बलमा शासन गर्न खोज्छ, त्यतिबेला नेपालका सबै उत्पीडित जनताले मिलेर प्रतिकार गर्ने संगठित प्रतिकार गर्ने वातावरण नभएको हुनाले राज्य निरंकुश हुँदै गएको छ', उनले भने, 'राज्यसँग दम छ भने ताकत छ भने नेपालको संविधानको विपरीत गएर हिन्दू राष्ट्र माग्ने र राजा आउ देश बचाउ भन्ने नारा लगाउने प्रतिगामीहरूको विरुद्ध कारबाही गरेर जेलमा हाल्ने हिम्मत देखाओस् ।'

यसैगरी, उनले रिंकु सदाका हत्याराहरूलाई कडाभन्दा कडा कारबाही गर्न सरकारले हिम्मत देखाओस् भनेर पनि आवाज उठाएका थिए । राज्यद्वारा गरिएको आतंक र निरंकुशता प्रतिगमन र मुलुकलाई पश्चगमनतर्फ धकेल्ने सबै प्रयासहरूको विरुद्ध नेपालका उत्पीडित जनता एकजुट भई लड्नु बाहेक अर्को कुनै विकल्प नरहेको बताए ।

## सम्पादकीय

# राज्यको असमावेशी चरित्र फेरि उदाङ्गियो

राज्य र सरकार कति निर्मम हुन्छ त्यसको ताजा र गतिलो उदाहरण प्रकट भएको छ। सरकार आफ्नो स्वार्थपूर्ति गर्न कानुन र विधिलाई कसरी अपमान गर्छ त्यसको चरित्र प्रधानमन्त्री केपी शर्मा ओलीले देखाएका छन्। प्रसङ्ग हो स्वास्थ्य सचिवको नियुक्ति, जसमा सरकारले बरियता मिच्दै डा. विकास देवकोटालाई नियुक्ति गरेर आफ्नो असमावेशी र विभेदपूर्ण चरित्र प्रदर्शन गर्नुका साथै कसरी स्वार्थ पुरा गर्न सकिन्छ भन्ने मानसिकता देखाएको छ।

डा. रोशन पोखरेल उमेरहदका कारण गत फागुन ११ मा स्वास्थ्य सचिवबाट अवकाश पाएका थिए। उनले अवकाश पाएपछि बुधबारको मन्त्रिपरिषद् बैठकले डा. देवकोटालाई स्वास्थ्य सचिवमा नियुक्ति गरेको छ। जबकी देवकोटा भन्दा वरिष्ठ रहेकी डा. संगीता कौशल मिश्रालाई पन्छाएर स्वास्थ्य मन्त्री प्रदीप पौडलले 'हम नहिं सुधरेगें' भन्ने आफ्नो चरित्र उदांगो पारेका छन्।

बरिष्ठता मिचेर सचिवमा देवकोटाको नियुक्ति गरिएपछि सरकारको सर्वत्र आलोचना पनि सुरु भएको छ। नयाँ सचिव नियुक्तिका लागि बढुवा समितिले डा. मिश्रासहित डा. देवकोटा र डा. टंक बाराकोटीको नाम सिफारिस गरेको थियो। त्यही सिफारिसलाई सामान्य प्रशासन मन्त्रालयले मन्त्रिपरिषद्को बैठकमा पेश गरेको थियो। तर मन्त्रिपरिषद् बैठकले वरिष्ठतालाई पन्छाएर मिश्रको ठाउँमा देवकोटालाई नियुक्त गरेको छ। स्वास्थ्य मन्त्रालयमा भएको यो नियुक्तपछि त्यहाँका कर्मचारीहरूले असन्तुष्टि व्यक्त गरेका छन्। डा. मिश्र मधेशी महिला भएकैले स्वास्थ्यमन्त्री पौडेलले सचिव नबनाएको गुनासो कतिपय कर्मचारीहरूको छ। मन्त्री पौडेलले बढुवा समितिको सिफारिस र सामान्य प्रशासन मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले निर्णय गरेकोले त्यसमा आफ्नो कुनै भूमिका नभएको दाबी गरेका छन्।

डा. मिश्र स्वास्थ्य सेवा विभागमा महानिर्देशकको पनि भूमिका निर्वाह गरेकी छिन्। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १९ अनुसार स्वास्थ्य सेवाको १२औँ तहमा कार्यरत र ११ औँ तहमा कम्तीमा पाँच वर्ष काम गरेका कर्मचारी ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनका आधारमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिव पदमा नियुक्त हुन सक्छन्। पहिलो नम्बरमा सिफारिस भएकी मिश्रा कार्यसम्पादन र ज्येष्ठताका आधारमा अरूभन्दा अगाडि छिन्। २०५७ मा स्वास्थ्य सेवा प्रवेश गरेकी उनी पुनः खुला प्रतिस्पर्धामार्फत २०७० मा सरकारी सेवामा फर्किएकी थिइन्। खुला प्रतिस्पर्धाबाट ११ औँ तहमा नाम निकालेकी उनले कोशी अस्पताल तथा परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल प्रमुखको जिम्मेवारी निर्वाह गरेकी थिइन्। उनी २३ असार २०७९ मा १२औँ तहमा बढुवा भएकी थिइन्।

देवकोटा र बाराकोटी एकै दिन १३ चैत २०७९ मा १२ औं तहमा बढुवा भएका थिए। देवकोटा २०५३ र बाराकोटी २०५६ मा सेवा प्रवेश गरेका हुन्। १२औं तहमा बढुवाका आधारमा बाराकोटी र देवकोटाभन्दा मिश्रा १० महिना सिनियर हुन्। त्यस हिसाबले कार्यसम्पादन र ज्येष्ठताका आधारमा डा. मिश्रले नै नियुक्त पाउनु पर्ने मन्त्रालयका वरिष्ठ अधिकारीहरू बताउँछन्।

स्वास्थ्य विभागको महानिर्देशकबाट आफूलाई हटाएर डा. देवकोटालाई नियुक्त गरिएकोमा पनि डा. मिश्राको असन्तुष्टि जनाएकी थिइन्। २०८१ असोजमा डा. देवकोटालाई स्वास्थ्य विभागको महानिर्देशक बनाएपछि डा. मिश्रा मन्त्रालय तानिएकी थिइन्। उनले आफूलाई मन्त्री पौडेलले नै महानिर्देशकबाट हटाएको बताउँछिन्। उनलाई तत्कालीन स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले २०८० भदौमा विभागको महानिर्देशकको जिम्मा दिएका थिए।

'स्वास्थ्य सेवा ऐनअनुसार कार्यसम्पादन मूल्यांकन र ज्येष्ठताका आधारमा नियुक्ति हुने हो भने म कसरी आउट भएँ, स्पष्ट पार्नुपर्छ,' डा. मिश्रको भनाइ छ। आफू कार्यसम्पादन र ज्येष्ठताका आधारमा अगाडि भए पनि महिला भएकैले स्वास्थ्यमन्त्री पौडेलले हेपेको डा. मिश्र बताउँछिन्। संविधानअनुसार पनि महिला, मधेशी दलित जनजातिलाई प्राथिमिकता दिनुपर्ने हो। त्यसै पनि उहाँ (स्वास्थ्यमन्त्री) युवा मान्छे। तर मधेशी हेर्नै नचाहने खालको हुनुहुँदो रहेछ,' मिश्रको टिप्पणी छ।

बिहीबार बसेको प्रतिनिधिसभा बैठकमा स्वतन्त्र सांसद अमरेशकुमार सिंहले पनि स्वास्थ्य सचिव नियुक्तिका विषयमा प्रश्न उठाएका थिए/। उनले मधेसी र महिला भएकाले नै मिश्रलाई सरकारले सचिव नबनाएको टिप्पणी गरेका थिए। समाचार स्रोतका अनुसार मन्त्रिपरिषद् बैठकमा अधिकांश मन्त्री मिश्रको पक्षमा थिए। तर प्रधानमन्त्रीले एकतर्फी रूपमा देवकोटालाई नियुक्त गरे।

मन्त्रिपरिषद् बैठकमा सहभागी एक मन्त्रीका अनुसार स्वास्थ्यमन्त्री पौडेलले बैठकअगावै प्रधानमन्त्रीलाई सचिव नियुक्तिको प्रस्ताव लगेका थिए। साथै, प्रधानमन्त्री ओलीले प्रस्तावमा छलफलै नगरी देवकोटालाई नियुक्त गरेका हुन्।

ती मन्त्रीले भने, 'प्रधानमन्त्रीले छलफल नै गर्न चाहनुभएन। छलफल नगरौं, निर्णय भइसक्यो, स्वास्थ्यमन्त्री मान्नुहुन्न भन्नुभयो।'

# भूमिसम्बन्धि अध्यादेश, सुकुम्वासी समस्या र मधेशी दलको अडान



मनोज यादव

नेपालमा भूमि व्यवस्थापन र वातावरण संरक्षण आपसमा गाँसिएका जटिल मुद्दाहरू छन्। पछिल्लोपटक सरकारले ल्याएको भूमिसम्बन्धी अध्यादेश यसै संयोजनको एउटा उदाहरण बनेको छ। एकातिर दशकौंदेखिका सुकुम्वासी (भूमिहीन) जनताको समस्या समाधान गर्न भूमि वितरण गर्ने प्रयास छ भने अर्कोतिर यो कदमले वन क्षेत्रको संरक्षणमा चुनौती खडा गरेको आलोचकहरू बताउँछन्। नेपालको राजनीतिक वृत्तमा पनि यस विषयले तीव्र बहस जन्माएको छ - कसैका लागि सामाजिक न्यायको कदम, त कसैका लागि प्राकृतिक स्रोत दोहनको खतरा रहेको छ। हालै सरकारले ल्याएको भूमिसम्बन्धी अध्यादेश विवादमा परेको छ। २०८१ माघ अन्त्यतिर राष्ट्रपति रामचन्द्र पौडेलमार्फत जारी गरिएको "भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश" ले विद्यमान भूमि ऐनहरूमा संशोधन गरी भूमिहीन र सुकुम्वासीलाई जग्गा दिने कानुनी मार्ग खोल्ने प्रयास गरेको छ। सरकारको दाबीमा यो अध्यादेश वर्षौंदेखि जग्गा नपाई बसिरहेका भूमिहीन, दलित र सुकुम्वासी जनताको समस्यालाई सम्बोधन गर्ने उद्देश्यले ल्याइएको बताएको छ। भूमि व्यवस्था मन्त्रीका अनुसार दशौँ वर्षदेखि सार्वजनिक वा वन भूमिमा बसोबास गर्दै आएका मानिसहरूलाई अब हटाएर अन्त लैजान सम्भव छैन, त्यस्ता बस्तीलाई वैधानिकता दिनुको विकल्प नभएको सरकारको तर्क छ। वास्तवमा धेरै स्थानमा ५० वर्षभन्दा अघिदेखि बसोबास गरी बस्ती वा सहरजस्ता बनेका क्षेत्रमा चाहे त्यो सुरुमा सार्वजनिक जग्गा होस् या वनक्षेत्र, अब ती बस्तीलाई कायम राख्दै बस्नेहरुलाई स्वामित्व दिनु पर्ने परिस्थिति आएको सरकारी निष्कर्ष छ। यो तर्क सामाजिक न्याय र संविधानद्वारा प्रत्याभूत आवासको हकप्रति केन्द्रित देखिन्छ - सरकारले दाबी गरेको छ कि करिब ११ लाख भूमिहीन/सुकुम्वासी परिवारलाई लालपुर्जा (जग्गाधनी प्रमाणपत्र) दिने बाटो यो अध्यादेशले खोलेको छ।

तर यो अध्यादेशका केही प्रावधानले विवाद र आशंका समेत जन्माएको छ। विशेषगरी, यसले विगतमा निषेध गरिएको वन तथा संरक्षित क्षेत्रका केही भू-भागलाई समेत आवश्यकता अनुसार भूमिहीनलाई बाँड्न सकिने व्यवस्था गरेको देखिन्छ। अध्यादेशमा स्पष्ट रुपमा उल्लेख छ कि सामान्य अवस्थामा "सार्वजनिक जग्गा, नदी/खोला किनारका जग्गा, राष्ट्रिय निकुञ्ज र वन क्षेत्रका जग्गा" भूमिहीनलाई दिन पाइँदैन। तर यसको तुरुन्तै पछिको उपधारामा स्थानीय तहको सिफारिससहित आएको खण्डमा यस्तो जग्गा पनि वितरण गर्न मिल्ने अपवाद जोडिएको छ। सरल शब्दमा भन्नुपर्दा, यदि कुनै व्यक्तिले २०६६ माघ २८ गते अगावैदेखि कुनै सार्वजनिक वा वन भनिएको जमिनमा घर बनाई बसोबास गर्दै आएको छ र त्यो जमिन अहिले सार्वजनिक प्रयोगमा छैन भन्ने कुरा स्थानीय सरकार (नगरपालिका/गाउँपालिका) ले प्रमाणित गरिदियो भने सो जमिन उसलाई दिन बाधा नपर्ने व्यवस्था अध्यादेशले गरेको छ। यसले वन र निकुञ्ज क्षेत्रमा समेत अतिक्रमण गरिएको जमिन वैध रूपमा सुकुम्वासीलाई दिन सकिने अवस्था आयो, जसले वन विनाश र जमीनको दुरुपयोग हुनसक्ने चिन्ता पैदा गरेको छ। वास्तवमा, यसरी वन फँडानी गरेर आफ्ना मानिसलाई जग्गा बाँड्न खोजिएको आरोप विपक्षबाट लाग्न थालेको छ।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले त यो अध्यादेश विभिन्न बहानामा विभिन्न व्यक्तिलाई जमिन बिक्री वितरण गर्ने षड्यन्त्र हुनसक्नेसम्मको कडा आरोप लगाएका छन्। यादवका अनुसार यो व्यवस्था लागू भएमा सार्वजनिक जग्गा, खोलानाला, बजार क्षेत्रमा मात्र नभइ राष्ट्रिय वन, निकुञ्ज, चुरे पहाडजस्ता संवेदनशील क्षेत्रमा समेत ठूलो अतिक्रमण र वन विनाश हुनेछ, जसले वातावरण र जैविक विविधतामा गम्भीर क्षति पुऱ्याउँछ। विशेष गरी उनले चुरे क्षेत्र नराम्रोसँग प्रभावित भई अन्ततः तराई-मधेश मरुभूमिकरणतर्फ उन्मुख हुने खतरा औँल्याएका छन्। यी आलोचनाबाट स्पष्ट हुन्छ कि अध्यादेशको वन भूमिसम्बन्धी प्रावधान नै यसको सबैभन्दा विवादास्पद पक्ष भएको छ।

सरकार र समर्थकहरू भने अध्यादेशप्रति बचावमा उत्रिएका छन्। उनीहरूका अनुसार यो कुनै पनि हालतमा भूमि व्यवस्था र आवासको मौलिक हक कार्यान्वयनको कदम हो, जसलाई गलत रूपमा उछालिएको छ। प्रतिपक्षी दलका भए पनि नेकपा एमालेकी सांसद सरस्वती सुब्बाले करिब १० लाख भूमिहीन सुकुम्वासीलाई संविधान बमोजिम आवास र भूमिको हक दिलाउन ल्याइएको अध्यादेशको विरोध गर्दै मुद्दालाई तिलको पहाड बनाइएको भन्दै बचाउ गरिन्। उनको अभिव्यक्तिले पनि देखाउँछ कि प्रमुख राजनीतिक दलहरूभित्रै यस कदमलाई सामाजिक न्यायका दृष्टिले हेर्ने सोच छ। उता, सरकारका अधिकारीहरू अहिलेको अध्यादेशले वास्तवमै कानूनको दायराभित्रै रही अघि बढ्ने दाबी गर्छन्। भूमि मन्त्रालयका अनुसार अध्यादेशमा यो स्पष्ट छ कि राष्ट्रिय निकुञ्जभित्रका बस्तीहरू राखिने छैनन् र जोखिमपूर्ण स्थानका सुकुम्वासीलाई अन्यत्र सार्ने प्रावधान छ। भूमि व्यवस्था मन्त्रीले पनि चितवन निकुञ्जस्थित बाँदरझुला बाहेक अन्यत्र निकुञ्जभित्र यस्ता समस्याग्रस्त बस्ती नभएको र संरक्षित क्षेत्रबाहिरका सार्वजनिक (ऐलानी) जग्गामात्र वितरणको लक्ष्य रहेको प्रष्ट पारेका छन्। यद्यपि, वन मन्त्रालयका विज्ञ र वातावरणवादीहरू अध्यादेशप्रति सचेत रहेका छन्। स्वयं वन मन्त्रालयका उच्च कर्मचारीहरूले यो कदमले वन क्षेत्र नष्ट हुनसक्ने चिन्ता व्यक्त गरेको समाचारहरू आएको छ। समग्रमा, भूमि अध्यादेशलाई लिएर सरकारको धारणा दिर्घकालीन भूमिहीन समस्या हल गर्ने र संविधानप्रदत्त अधिकार कार्यान्वयन गर्ने रहेको छ भने आलोचकहरूका दृष्टिमा यो कदम हतारमा ल्याइएको, वन-जमिनलाई खतरामा पार्ने र भ्रष्ट तत्वलाई फाइदा पुग्ने खालको रहेकोछ। २०४६ सालपछि बहुदलीय प्रणालीमा प्रवेशसँगै सुकुम्वासी समस्यालाई हल गर्न अनेक आयोगहरू र कार्यक्रमहरू पनि आए। पञ्चायतकालमै केही सुकुम्वासी आयोग बनेका थिए, जसले थोरै जग्गा वितरण गरे पनि ठूला परिणाम दिन सकेनन्। प्रजातन्त्र आएको दशकहरूमा प्रायः हरेक सरकारले भूमि समस्या समाधान आयोग वा सुकुम्वासी आयोग गठन गर्ने गरेको छ। तर यो निरन्तरता आफैँमा एउटा समस्या बन्यो - एक सरकारको आयोगले सुरु गरेको काम अर्को सरकारले बीचमै रोकेर नयाँ आयोग बनाउने परिपाटी दोहोरियो। आलोचकहरू भन्छन्, यी आयोगहरू प्रायः दलका कार्यकर्ता भर्ती केन्द्र मात्र बने, जसका कारण वास्तविक सुकुम्वासीको पहिचान र पुनर्स्थापना काम प्रभावकारी हुन पाएन। उदाहरणका लागि, २०६८ सालतिर बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा ठूलो आशाका साथ आयोग बनेर केही काम अघि बढ्यो; तर सरकार परिवर्तन भएसँगै त्यो अभियान रोकियो र तथ्यांकहरू थन्किए। त्यस्तै, २०७७ सालतिर केपी शर्मा ओलीको सरकारले देशभर आयोगको संरचना खडा गरी डेटा संकलन थाल्यो, पछि त्यो पनि निरन्तरता नपाई विघटन गरियो भन्ने घटनाहरू भएका छन्।

विगतमा नेपालको वनक्षेत्र उल्लेखनीय रूपमा घटेको थियो। विशेषगरी २०१५ सालदेखिको एक-दुई दशक र फेरि २०३०-४० को दशकतिर तराई तथा चुरे क्षेत्रमा तीव्र वन फँडानी भयो। सरकारकै योजनाबाट ठूलो मात्रामा जंगललाई कृषि भूमिमा रूपान्तरण गरियो (तराई पुनर्स्थापनाका नाममा), जसको दीर्घकालीन असर माटोको क्षय र जैविक विविधता विनाशका रूपमा देखियो। २०४० को दशकसम्म आइपुग्दा नेपालले आफ्नो अधिकांश सदाबहार (प्राइमरी) वन क्षेत्र गुमाइसकेको आँकलन छ। यसलाई विराम दिन २०४६ पछाडि सामुदायिक वन कार्यक्रमलाई व्यापकता दिइयो, जसले पहाडी क्षेत्रका बस्तीछेउका वन फेरि हराभरा बनाउने सफलता हासिल गऱ्यो। सामुदायिक वन व्यवस्थापन नेपालको एक सफल मोडल मानिन्छ - स्थानीय उपभोक्ता समितिहरूले वनको संरक्षण र सदुपयोग दुवै गर्दा मध्यपहाडी भूभागमा वनक्षेत्र बढेको सरकारी तथ्यांकले देखाएको छ। साँच्चै, मुलुकको कुल वनावरण सन् २००० मा करिब ४०% बाट २०१९ सम्ममा ४२% हाराहारीमा पुगेको विवरण छ, जसमा सामुदायिक वन र निजी वृक्षारोपणको योगदान छ।

यसर्थ, वन संरक्षणको चुनौतीलाई बेवास्ता गरेर सुकुम्वासी समस्या हल गर्न खोज्दा वा उल्टो सुकुम्वासीप्रति अनुदार भई मात्र वन जोगाउन खोज्दा दुवै अवस्था मुलुकका लागि हितकर हुँदैनन्। चुनौती दुवै चेपुवामा परेका क्षेत्रहरू (जस्तैः चुरे, निकुञ्ज वरपर) मा समन्वयकारी समाधान निकाल्नु हो, जसबारे पछिल्ला खण्डमा छलफल हुनेछ। भूमि अध्यादेश र सँगसँगै उठेको सुकुम्वासी/वन बहसले नेपालको राजनीति पनि तताएको छ। प्रमुख दलहरू र तिनका नेताहरू आ-आफ्नै अडानमा उभिएका छन्। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव यस प्रकरणमा विपक्षी स्वरका मुख्य प्रतिनिधि बनेका छन्। यादवले आफ्नो पार्टीका संसदीय दलको बैठकबाटै संघीय संसद्का दुबै सदनमा यो अध्यादेश अस्वीकार गर्ने निर्णय पारित गरे। उनको तर्कमा यो अध्यादेश राष्ट्रलाई नै छिन्नभिन्न पार्ने खेलअन्तर्गत आएको शंका गरिएको छ। विशेषगरी मधेशबाट राजनीति गर्ने यादवको दृष्टिकोणमा यो कदमले भोलि अत्यधिक आन्तरिक बसाइँसराइ र आप्रवासलाई मद्दत गर्नेछ र सम्भावित रूपमा आन्तरिक द्वन्द्व निम्त्याउनेछ भन्ने डर छ।

वर्षौंदेखि मधेश (तराई) क्षेत्रमा पहाडबाट हुने आप्रपासान र वन फँडानी मार्फत भइरहेका बसाईंले स्थानीय स्रोतमा दबाब र जनसांख्यिक परिवर्तन ल्याएको इतिहास छ। यादवलगायत मधेशी नेताहरू सचेत छन् कि यदि चुरे तथा तराईका बाँकी जंगलमा समेत बाहिरबाट आएर बसेकालाई वैधता दिइयो भने मधेशी जनता प्राकृतिक प्रकोप र स्रोतको अभावसँग जुध्नुका साथै राजनीतिक रूपमै सान्दर्भिकता गुमाउने जोखिम मोल्नुपर्ने हुन सक्छ। त्यसैले उनीहरूको विरोधमा वातावरणीय चिन्ता मात्र नभएर क्षेत्रीय र पहिचानको राजनीति समेत गाँसिएको देखिन्छ।

उपेन्द्र यादवको भूमिकालाई विगतमा हेर्ने हो भने उनले पहिलेदेखि नै भूमिहीन तथा साना किसानको हकहितको मुद्दा उठाउँदै आएका छन्। मधेश आन्दोलनका समयमा समेत जमीनको स्वामित्व र वितरणको असमानतालाई उनले एजेण्डा बनाएका थिए। तर अहिलेको अवस्थामा उनी वन विनाश, भ्रष्टाचार र गलत नियतका विरुद्धको आवाज बनेका छन्। उनले भनेका छन् कि यदि अध्यादेश जस्ताको तस्तै पारित भयो भने "केही भ्रष्टाचारी, कमिसनखोर, बिचौलिया र भू-माफियाहरू" लाई फाइदा पुग्नेछ र सच्चा भूमिहीनको समस्या समाधानका लागि हालका ऐनकानुनमै पर्याप्त प्रावधान हुँदाहुँदै अनावश्यक रूपमा यो अध्यादेश ल्याइयो। त्यसैले जसपा र उपेन्द्र यादवको अडान छ - यो अध्यादेश फिर्ता लिनु पर्ने वा कम्तीमा संशोधन गरी वनजस्ता सम्वेदनशील क्षेत्रलाई पूरै अपवादको दायराबाट हटाउनुपर्ने।

सरकारको नेतृत्वमा रहेका दलहरू - नेपाली कांग्रेस र माओवादी केन्द्र - मूलतः यो कदमका पक्षमा उभिएका छन्। पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले व्यक्तिगत रूपमा यस विषयमा धेरै टिप्पणी नगरे पनि उनको पार्टी माओवादीले भूमि र उत्पादन सम्बन्धको रुपान्तरण आफूले उठाएका एजेण्डा भएको र यो अध्यादेश त्यस दिशातर्फको प्रयास भएको बताउने गरेको छ। कांग्रेसका नेताहरूले सामाजिक न्याय र संविधानको व्यवस्थाअनुसार प्रत्येक नागरिकलाई आवासको हक दिलाउन सरकार प्रतिबद्ध रहेको भन्दै यसलाई सकारात्मक रूपमा लिएका छन्। तर यी दलहरूभित्रै पनि केही संयमित आवाज नभएका होइनन् - विशेषगरी जंगल व्यवस्थापन र वातावरण संरक्षण पक्षधर केही नेताहरूले यति ठूलो परिमाणमा भूमि वितरण गर्दा हुनसक्ने प्रभावको अध्ययन र संसदीय छलफल आवश्यक रहेको औँल्याएका छन्।

एमाले निकट भूमिविज्ञ र केही नेताहरू यसप्रकारको भूमिसुधार पक्षधर छन् - किनभने एमालेको आफ्नै सरकारले अघिल्लो पटक (२०७६/७८ मा) भूमि ऐन संशोधनद्वारा भूमिहीनलाई जग्गा दिने प्रावधान राखेको थियो। त्यसैले एमालेका सांसद सरस्वती सुब्बाले खुलेरै "१० लाख सुकुम्वासीको हक रोक्न खोजिएको" भनेर सरकारको कदमलाई सही सावित गरिन्। यो संकेत गर्छ कि एमाले शुद्ध रूपमा यसको विरुद्ध जान चाहँदैन; बरु त्यसलाई आफ्नै पहलकदमीको निरन्तरता हो भन्ने देखाउन इच्छुक छ। तर राजनीतिक रूपमा सरकारलाई कमजोर बनाउन चाहने प्रतिपक्षको नाताले, अध्यादेशमार्फत नभई विधेयकमार्फत ल्याउन दबाब दिने र प्रक्रिया मिलेन भन्ने एंगलबाट भने आपत्ति जनाउने सम्भावना छ। यदि सरकार र सत्तारूढ दलहरूले यो विषयमा पर्याप्त बहस नगरी हतारिएको देखियो भने त्यसलाई मुद्दा बनाउन सक्छ।

अन्य दलहरूमध्ये राप्रपा (राष्ट्रिय प्रजातन्त्र पार्टी) जस्ता परम्परावादी दलहरू सैद्धान्तिक रूपमै यस्ता वामपन्थी शैलीका भूमि वितरण कार्यक्रमप्रति सशङ्कित हुन्छन्। उनीहरूले निजी सम्पत्तिको अधिकार र वन जस्तो राज्य सम्पत्तिलाई नचुठ्याउनुपर्छ भन्ने जोड दिन सक्छन्। स्वभावतः, राप्रपालगायतका साना दलहरूले राजनीतिक लाभ लिनकै लागि भए पनि अध्यादेशको विपक्षमा उभिने र सरकारको आलोचना गर्ने सम्भावना बढी छ। नवगठित वा साना दल (जस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी - रास्वपा) ले चाहिँ यसलाई सुशासन र पारदर्शिताको चस्माबाट हेर्नेछन्। उनीहरू भूमि सम्बन्धी पुराना समस्याहरू समाधान हुनु राम्रो तरिका होस् भन्ने चाहँदा हुन्। उनीहरूको समर्थन/विरोध यस कुराले निर्धारण गर्न सक्छ कि यो प्रक्रियामा कति पारदर्शिता र दूरदृष्टि देखिन्छ। यदि उनीहरूले भ्रष्टाचार र चलखेल हुने आँकलन गरे, विरोध गर्लान्, नत्र समर्थन वा तटस्थ रहन सक्छन्।

संसद्मा पर्याप्त समर्थन जुटाएर अध्यादेशलाई विधेयकका रूपमा पारित गरिनु हो। त्यसो भए यो कानून बनेर कार्यान्वयनमा जानेछ। सरकारसँग गठबन्धनमा बहुमत छ। तर पारित गर्ने क्रममा संशोधनहरू आउन सक्छन् - खासगरी विपक्षीले उठाएका वैध चिन्ताहरू समेट्ने गरी केही दफाहरू परिमार्जन हुन सक्छ (उदाहरणः राष्ट्रिय वन र निकुञ्जक्षेत्रको सन्दर्भमा थप कडाइ लगाउने उपधारा राख्ने)। कानुन बनेमा आयोग तथा प्रशासनमार्फत अगाडि बढेर एक-एक गरेर सुकुम्वासीलाई लालपुर्जा वितरण कार्य सुरु हुनेछ। यसले छिट्टै नै केही सकारात्मक परिणाम देखाउन सक्छ, जस्तैः वर्षदिनभित्र लाखौँ नागरिकले आफ्नो घरजग्गाको कानुनी अधिकार पाउने। यसले सरकारलाई लोकप्रियता दिलाउनेछ र लामो समयदेखिको सामाजिक समस्या सुल्झाउने दिशातर्फ देश अगाडि बढेको महसुस हुनेछ।

संसद्ले यदि यो अध्यादेशलाई अस्वीकृत गरिदियो (वा ६० दिनभित्र पारित नगरी आफैँ निष्क्रिय भयो) भने सरकारलाई फेरि शून्यबाट सुरु गर्नुपर्छ। यस्तो अवस्थामा सुकुम्वासीहरूबीच निराशा बढ्नेछ र राजनीतिक रूपमा सरकार प्रतिकूल स्थितिमा पर्न सक्छ। तर फरक धारमा, यादवजस्ता नेताहरूको विरोध सफल भएको रुपमा पनि चित्रित हुनेछ र वन/पर्यावरण पक्षधरहरूले राहतको श्वास लिनेछन्। यद्यपि, समस्या फेरि ज्यूँका त्यूँ रहनेछ र आउने दिनमा अर्को स्वरूपमा यो एजेण्डा उठ्नेछ नै। अध्यादेशको अस्वीकृतिले सरकारलाई बाध्य गरेर उचित विधेयकमार्फत, सबै पक्षको सहमति खोजेर समाधानको बाटो रोज्न दबाब दिन सक्छ। यसरी प्रक्रियागत रूपमा सही ढंगले जाने मौका मिल्ला, तर यसबीचमा समय धेरै खेर जानेछ। बहुमत दलहरूबीच नै मतभेद चुलिएर सरकार पछि हट्ने अवस्था पनि सायदै भए पनि कल्पना गर्न सकिन्छ। उदाहरणका लागि, मधेशी दलहरू सरकारमै छन् भने र तिनको चासो गम्भीर रूपमा सम्बोधन नभए गठबन्धनमै दरार आउन सक्छ।

यस्तो जटिल राजनीतिक पृष्ठभूमिमा, उपेन्द्र यादवको भूमिकालाई भविष्यमा कसरी उपयोग गर्ने भन्ने कुराले पनि महत्व राख्छ। उनले उठाएका मुद्दा - मधेशमा हुने सम्भावित जनसांख्यिक परिवर्तन, चुरेको संरक्षण, भूमाफियाविरुद्धको चेतावनीलाई सम्बोधन गर्दै अध्यादेशलाई अगाडि बढाएमा शायद उनीहरू पनि सकारात्मक हुन सक्थे। भविष्यमा यस्तो समाधान खोजिँदा यादवजस्ता नेताहरूलाई विश्वासमा लिएर प्रावधान तयार पार्ने र बहस गर्ने हो भने सहमति बन्न सक्छ। किनभने, अन्ततोगत्वा सबै दलले वास्तविक भूमिहीनको भलो त चाहेकै हुन्, विवाद त कसरी र कहाँको जग्गा दिने भन्नेमा मात्र हो।

परिणामस्वरूप, राजनीतिक रूपमा यो समस्या समाधानको राम्रो सम्भावना भनेको सार्वभौम संसद्भित्रै गहन छलफल र सहमति तयार गर्नु हो। दलहरूबीच आरोप-प्रत्यारोपभन्दा वास्तविक तथ्य र तथ्यांकका आधारमा समझदारी बनाएर जाने हो भने दिगो समाधानको खाका कोर्न सकिन्छ।

# उपेन्द्र यादवको राजनीतिक, संगठनात्मक प्रतिवेदन तथा प्रस्तावहरू

हाम्रो गौरवशाली क्रान्तिकारी पार्टी जनता समाजवादी पार्टी, नेपालको राष्टिय महाधिवेशन पछिको दोस्रो केन्द्रीय समितिको बैठकमा उपस्थित सम्पूर्ण पदाधिकारी तथा केन्द्रीय समितिका सदस्यहरुलाइ हार्दिक स्वागत तथा अभिवादन गर्दछु । देश र जनताको खातिर जीवन बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्नुका साथै अग्रगामी परिवर्तनका लागि जनसंघर्षमा घाइते, अपाङ्ग तथा बेपत्ता व्यक्तिहरुको परिवारजनप्रति उच्च सम्मानका साथ अभिवादन गर्दछु ।

हामीले जनता समाजवादी पार्टी, नेपालको विधान अधिवेशनद्वारा निर्माण गरिएको विधान अन्तर्गत गरिएको व्यवस्था अनुसार राष्टिय एकताको महाधिवेशन सम्पन्न गरेका छौ । अब हाम्रो पार्टीले अँगालेको मुख्य वैचारिक सैद्धान्तिक दृष्टिकोण, नीति तथा राजनैतिक कार्यदिशा अनुसार अगाडी बढेका छौ । बैठकमा वर्तमान राजनीतिक परिस्थिति, केन्द्रीय समितिको पहिलो बैठकबाट संचालित जनतासँग जसपा नेपाल : आधारभूत संगठन निर्माण अभियानको समिक्षा, वर्तमान सरकारको गठन तथा कामको मुल्याङकन, संसदमा प्रस्तुत अध्यादेश बारे, दलिय सहकार्य अथवा मोर्चा/गठबन्धन सम्बन्धमा, संविधान संशोधन, मुलुकमा पहिचान तथा अधिकारको आन्दोलनको वर्तमान स्थिति तथा मुलुकभित्र र बाहिर घटित विभिन्न घटनाहरुको विश्लेषण, अन्तर्राष्ट्रिय सम्बन्ध बारे, परिसंघ गठन सम्बन्धमा, आगामी संगठनात्मक कार्ययोजना, आगामी कार्यदिशा तथा बाधा अडकाउ फुकाउ सम्बन्धी मुख्य कार्यसूचीमा बैठक केन्द्रीत रहनेछ ।

**१. वर्तमान परिस्थिति**

देशको वर्तमान राजनीतिक र आर्थिक परिस्थिति निराशाजनक, अन्यौल तथा चुनौतीपूर्ण छ । परिवर्तन विरोधी दक्षिणपन्थी तथा यथास्थितिवादी शक्तिहरुको बीचमा विभिन्न रुपले मोर्चाबन्दी र सहकार्यले विगतका मधेश जनविद्रोह, जनआन्दोलन, जनयुद्ध, आदिवासी जनजाति, खस, दलित, थारु, पीछडा वर्ग, महिला, मुस्लिम लगायतका समुदायले गरेको आन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई समाप्त पार्ने षडयन्त्र भईरहेको छ । परिवर्तनका लागि संघर्ष गर्ने शक्तिहरुमाथि निरन्तर प्रहार भइरहेका छन । सरकारको नीति तथा कार्यहरुले संघीयतालाई कमजोर बनाउने काम भइरहेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र विरोधी विभिन्न शक्तिहरूले प्रतिक्रान्तिको प्रयत्न गरिराखेका छन । यस्तो अवस्थामा परिवर्तनकारी शक्तिहरु एकजुट भई प्राप्त उपलब्धिहरुको रक्षा गर्नुपर्छ । संविधान जारी भएको एक दशक भए पनि संघीयता कार्यान्वयन गर्न आवश्यक ऐन कानूनहरु नहुनु, संघीय निजामती सेवा ऐन, संघीय शिक्षा ऐन, गुठी ऐन लगायत थुप्रै ऐनहरु जारी नहुनु, प्रहरी समायोजन ऐन तथा नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य संचालन, सुपरिवेक्षण र समन्वय) ऐन २०७६ माघ २८ गते प्रमाणिकरण भए पनि संघीय प्रहरी ऐन नबनेको बहानामा हालसम्म प्रहरी समायोजनको काम हुन सकेको छैन । संघीय सरकारको संघीयता विरोधी नीति तथा कार्यले गर्दा प्रदेशहरुले प्रभावकारी किसिमले काम गर्न सकेका छैनन । संघीयता कार्यान्वयनका लागि तत्कालीन नेपाल सरकारका मुख्य सचिव सोमलाल सुवेदी नेतृत्वको टिमले दिएको प्रतिवेदन, राष्ट्रिय सभामा मा. खिमलाल देवकोटा नेतृत्वमा गठन गरेको संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले संघीयता कार्यान्वयन गर्न तत्काल गर्नुपर्ने कामको प्रतिवेदन कार्यान्वयन नगरी विभिन्न बहानामा संघीयतालाई कमजोर बनाउने कार्य भईरहेको छ । संघीय सरकारले संघीयता कार्यान्वयनको लागि आवश्यक कानूनहरु निर्माण नगरेकाले प्रदेशहरुले आफनो कार्यहरु समयमा प्रभावकारी किसिमले गर्न नसकेको अवस्था छ । तसर्थ, संविधानको अनुसूचीमा उल्लेखित रहेका अधिकारहरु प्रदेश तथा स्थानीय तहले प्राप्ति गर्न अविलम्ब ऐन कानून बनाउन आवश्यक छ ।

सत्ता समिकरण हेरफेर, सरकार गठन/पुनंगठन, राजनीतिक अस्थिरता, आर्थिक संकट, गरिबी, बेरोजगारी समस्या जस्ता समस्याहरुको हल नभएको अवस्थामा यसबाट लाभ लिने गरी प्रतिगामी शक्तिहरुको चलखेल बढिरहेको छ । यस्तो अवस्थामा संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर शक्तिहरु एकजुट भएर प्राप्त उपलब्धिहरुलाई संरक्षण गर्नुपर्नेछ । त्यसैले, अहिलेको हाम्रो मुख्य कार्यभार प्राप्त उपलब्धिहरुको रक्षा गर्दै थप उपलब्धिको लागि संघर्ष जारी राख्दै देशलाई सुशासन, आर्थिक विकास र समृद्धितर्फ अगाडि बढाउन रहेको छ । यसका लागि हाल सडक र सदनबाट समन्वयात्मक पहल र संघर्ष आवश्यक छ । संघीयता, लोकतन्त्र, सुशासन, सामाजिक न्याय र समाजवादको पक्षमा रहेका राजनीतिक शक्तिहरुसँग सहकार्य र एकता गर्दै अगाडि बढनु पर्दछ । पार्टीले लिएको राजनीतिक कार्यदिशाको आधारमा संगठनात्मक शक्ति निर्माण गरी राजनीतिक प्रतिस्पर्धा र संघर्षको माध्यमबाट हाम्रो पार्टीलाई राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक क्षेत्रमा अग्रगामी विकल्प भएको शक्तिको रुपमा स्थापित गर्नु नै आजको मुख्य कार्यभार हो । मुलुकमा लाखौ युवाहरु बेरोजगार भई रोजगारीको खोजीमा विदेशिन बाध्य भएका छन । मुलुकमा काम गर्न सक्ने अवसर र अवस्था नरहेकाले आफनो मातृभूमिमा नबसेर आफनो जीवनलाई जोखिम मोलेर भएपनि सुन्दर सपनाको लागि मुलुक छाडन बाध्य भएका छन । मुलुकको झन्झटिलो ऐन कानून, राजनीतिक अस्थिरता, लगानीको असुरक्षा, लगानी मैत्री वातावरणको अभाव, भ्रष्टाचार तथा कूशासनको कारणले स्वदेशी तथा विदेशी लगानीकर्ता उद्योग व्यवसायमा लगानी गर्न सकेका छैनन । सत्ताको दुरुपयोग गरी बिचौलीया पूजीवाद (Crony Capitalism) को कारणले कमिशनतन्त्र, लुटतन्त्र र अराजकतालाई बढाएको छ ।

कृषि पेशामा आश्रित किसानहरुलाई समयमा मलखाद, बीउविजन, सिचाँईको सुविधा नपाएर कृषि उत्पादनमा ह्रास आउनुको कारणले जीविकोपार्जनको लागि ऋणमा किसानहरु डुबेका छन । उत्पादनमा ह्रास आउनुको कारणले गर्दा प्रत्येक वर्ष खरबौंका खाद्यान्न बस्तुहरु विदेशबाट आयात गर्नुपर्ने बाध्यता छ । देशमा गुणस्तरीय शिक्षा र शैक्षिक संस्थाहरुको अभावमा गुणस्तरीय कलेज, विश्वविद्यालयको खोजीमा लाखौ विद्यार्थीहरु अध्ययनको लागि विदेश जान बाध्य भएका छन । यसबाट अरबौं डलर नेपालबाट विदेश गइरहेको छ । यसमा नेपाल सरकारको अदूरदर्शी शिक्षा नीति दोषी छ । हालै भारतको उडिसामा रहेको KIIT University मा अध्ययनरत छात्रा प्रकृति लम्सालको मृत्युको घटना र ततपश्चात नेपाली विद्यार्थीहरुमाथीको दुर्वव्यवहार अत्यन्तै दुखदायी घटना रहेको छ । प्रकृति लम्सालप्रति हार्दिक श्रद्धान्जली तथा दोषीलाई कडा कारवाही गर्न KIIT University तथा भारत सरकारसँग हाम्रो जोडदार माग रहेको छ । यस्ता घटना भविश्यमा नदोहोरियोस भनि विश्वविद्यालय प्रशासनले गम्भिर पुऱ्याउनु पर्दछ । साथै, उक्त घटना पश्चात नेपाल फर्केका विद्यार्थीहरुको स-सम्मान अध्ययनरत विश्वविद्यालयले फिर्ता बोलाई सुरक्षा प्रदान गरी अध्ययन गर्ने वातावरण मिलाउन सम्बन्धित संस्थाको ध्यानाकर्षण होस र यसलाई नेपाल सरकार समेतले गम्भिरताकासाथ पहलकदमी गरोस भन्ने हाम्रो माग रहेको छ ।

नेपाल सरकारको एकल जातीय, नश्लीय चिन्तन र नीतिको कारणले मुलुकमा योग्य व्यक्ति र समावेशीताको आधारमा योग्य र सक्षम व्यक्ति नभई संवैधानिक पदहरुमा भागबण्डाको आधारमा नियुक्ति गर्ने कार्य भईरहेको छ ।

हाम्रो पार्टीभित्र रहेका लोभी पापी, अवसरवादी चरित्र तथा स्वार्थीहरुलाई अलग्याई आफनो सत्ता लम्ब्याउनका लागि प्रचण्ड र उनको नेतृत्वमा रहेको दलको कारणले जनता समाजवादी पार्टी बनेको छ ।

तत्कालिन प्रचण्ड नेतृत्वको सरकार र निर्वाचन आयोगको मिलिमतोमा गठित नयाँ पार्टी मुलुक र जनताको भन्दा सरकारमा कसरी टिकिरहने, भ्रष्टाचार गर्ने, पहिचान पक्षधर आन्दोलनलाई कमजोर बनाउने, सरकारको नेतृत्व गर्ने दलको इसारामा काम गरिरहेकोबाट प्रष्ट हुन्छ ।

**२. वर्तमान गठबन्धन सरकार**

दोस्रो संसदीय निर्वाचन पश्चात पुष्पकमल दाहाल "प्रचण्ड" नेतृत्वमा सरकार गठन भयो । तत्पश्चात प्रचण्डको महत्वकांक्षी एवम अस्थिर अभिव्यक्ति, समय समयमा जालझेल, षडयन्त्रमूलक क्रियाकलाप तथा आफू सधै सत्तामा कसरी टिकिरहने किसिमको गतिविधिले उत्पन्न भएका अविश्वासका कारण उनको सरकार पतन भयो । संसदीय इतिहासमा विरलै देखिने संसदको पहिलो र दोस्रो प्रमुख पार्टी मिलेर सरकार बनेको पाइन्छ । सबैभन्दा ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल नेकपा (एमाले) ले गठबन्धन गरी सात बुँदे सहमतिको जगमा केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन गरे । सरकार गठन पश्चात मुलुकमा सुशासन, समृद्धि र विकास गर्नुभन्दा बढी कोरा नारामा मात्र सिमित रहेको देखिन्छ । सरकारप्रति जनतामा नैरास्यता बढदो छ । भ्रष्टाचार नियन्त्रण गर्न नसक्नु, सुशासन कायम गर्न नसक्नु र आर्थिक विकास गरी समृद्धि प्राप्त गर्ने सरकारको कुनै ठोस नीति कार्यक्रम तथा योजना देखिन्न । संघीय लोकतान्त्रिक गणतन्त्रलाई कमजोर बनाउने, देशको अर्थतन्त्रलाई कमजोर बनाउने, नीतिगत तथा संस्थागत सुधार ल्याउन नसक्ने, उत्पादनमूखी अर्थतन्त्र निर्माण गर्न नसकेको, आपूर्ती व्यवस्थामा सुधार ल्याउन तथा उत्पादन बृद्धि र रोजगारी सृजना गर्न नसकेको, गुणस्तरीय सेवा प्रवाह गर्न नसकेको, भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभुति दिलाउन नसकेको, समाजमा विद्यमान विभिन्न खाले विभेद अन्त्य गर्न, पर्यावरणीय सन्तुलन कायम गर्न नसकेको, राष्टिय हितको रक्षा, राष्ट्रियहीत अनुकूल परराष्ट्र नीति कायम गर्न नसकेको कारणले यो सरकार असफल र असक्षम सावित भइसकेको छ ।

सरकारमा सहभागी दलका नेता र तिनका परिवारको सदस्यहरु नै ठूला-ठूला भ्रष्टाचार काण्डमा संलग्न रहेको प्रमाण भेटिदा पनि त्यसविरुद्ध सरकार मौन छ । सरकार पूर्वाग्रही हिसावले एउटै अपराध अन्तर्गत कसैलाई काखा र कसैलाई पाखा गरी प्रतिशोधपूर्ण कार्य गरिरहेको छ ।

केपी शर्मा ओली नेतृत्वको सरकारको आयु लम्ब्याउन जालझेल गर्ने, अरु दललाई कमजोर बनाउने नीति लिएको पाइन्छ । सरकारले दुई दलीय व्यवस्था कायम गर्न ल्याउन भनिएको थ्रेसहोल्ड बढाउने सम्बन्धी विधेयक त्यसैको एउटा ज्वलन्त उदाहरण हो । भविष्यमा ठूला दलहरु मात्र हुने, साना दलहरुलाई समाप्त पार्ने नीति लोकतान्त्रिक मूल्य र मान्यताको विपरित मात्र नभई संविधानमा उल्लेखित बहुदलीय शासन प्रणालीको पनि विपरित रहेको छ ।



**३. जनतासँग जसपा नेपाल: आधारभूत संगठन निर्माण अभियान**

एकताको राष्ट्रिय महाधिवेशन पछि बसेको पार्टीको पहिलो केन्द्रीय समितिको बैठकबाट 'जनतासँग जसपा नेपाल : आधारभूत संगठन निर्माण अभियान' पहिलो चरणमा भाद्रदेखि मंसिर मसान्तसम्म र अभियन्ताहरुको सुझाव सल्लाह अनुसार केन्द्रीय कार्यकारिणी समितिको बैठकले निर्णय गरी थप २ महिना पुस र माघ गरि ६ महिना संचालन गरिएको छ । यसरी आधारभूत संगठन निर्माण तथा विस्तार अभियानले पार्टीमा नयाँ उर्जा, उत्साह दिएको, धेरै जिल्लाहरुमा संगठन निर्माण अभियान राम्रोसँग सम्पन्न भएको, नेता तथा कार्यकर्ताहरुबीच रहेको नैरास्यता न्यूनिकरण गर्न सफल भएको छ । यो अभियानपछि धेरै ठाँउहरुमा पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको, संगठनात्मक गतिविधिहरु बढेको, सदस्यता वितरण नविकरणको कार्य बढेको, धेरै ठाँउहरुमा पालिका, जिल्लाका साथै प्रदेशमा अधिवेशन गर्न सकिने वातावरण तयार भएको छ । संगठन निर्माण अभियानको समिक्षा पार्टीको केन्द्रीय समिति सदस्यहरुको प्रस्तुति पछि हुने नै छ ।

## दस्तावेज

**४. अध्यादेश बारे**

नेपालको संविधानको धारा ११४ मा "संघीय संसदको दुबै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ" भन्ने अध्यादेश सम्बन्धी संवैधानिक प्रावधान छ । उक्त प्रावधानलाई दुरुपयोग गरी संसदको अधिवेशन आह्वान गर्नु पर्ने बेलामा सरकारले महत्वपूर्ण कानूनहरु अध्यादेश मार्फत ल्याउनु निश्चय पनि गठबन्धनको सरकारको कुत्सित स्वार्थ तथा मानसिकता देखिन्छ । संसदमा प्रस्तुत गरिएको ६ वटा विधेयक मध्ये भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश देश र जनताको हितमा नरहेको, रियल स्टेट र भू-माफिया तथा दलालहरुको पक्षपोषण गर्ने खालको रहेको, तराई/मधेशको वनजंगल, सार्वजनिक जग्गा, आफना पार्टीका कार्यकर्ताहरुमा वितरण गर्ने उद्देश्यका साथ ल्याइएको हो । उक्त अध्यादेश अनुसार वास्तविक भूमिहीन, सुकुमवासीहरुले जग्गा प्राप्त गर्न नसक्ने अवस्था रहेको छ र पर्यावरणीय संकट उत्पन्न भई समस्या झन जटिल हुन सक्ने भएकाले हाम्रो पार्टी भूमि अध्यादेशको विरुद्धमा दृढताका साथ उभिएको छ । संसदबाट भूमि सम्बन्धी अध्यादेश फिर्ता नगरुन्जेलसम्म बाँकी पाँच वटा अध्यादेशहरुलाई पनि सहयोग र समर्थन नगर्ने चट्टानी अडानको कारण अहिलेसम्म सरकारले सदनमा अध्यादेश प्रस्तुत गर्न सकेको छैन । सरकारले जारी गरेको अध्यादेशमा रहेको गलत नीति र प्रावधानविरुद्ध हामीले लिएको अडानको कारण आज देश र जनतामा जसपा नेपालप्रतिको विश्वास झनै बढेर गएको छ ।

**५. संविधान संशोधन बारे**

हाम्रो पार्टीले संविधानलाई पुर्नलेखन वा संशोधन/परिमार्जन गरी मुलुकमा बसोबास गर्ने सबै समुदायले स्वामित्व ग्रहण गर्न सक्ने संविधान बनाउन चाहन्छ । संविधान जारी भए देखि नै यो संविधान अधुरो र अपुरो छ, भेदभावयुक्त छ । यसलाई सबैले अपनत्व ग्रहणको लागि संशोधन अपरिहार्य छ भन्ने हाम्रो पार्टीको धारणा रही आएको छ । सामर्थ्य र पहिचानमा आधारित संघीय राज्यपुर्नसरचना, निर्वाचन प्रणाली, न्याय प्रणाली, शासकीय स्वरुप, समावेशी लोकतन्त्र, प्रादेशिक स्वायत्तता र स्वशासनमा आधारित संघीयताको लागि संशोधन अनिवार्य छ । पूर्ण समानुपातिक निर्वाचन प्रणाली र जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली बारे हाम्रो पार्टीले सुरुदेखि नै उठाउँदै आएको एजेण्डा रहेकाले मुलुकमा स्थिरता र सुशासन कायम गर्न, पूर्णसमानुपातिक निर्वाचन प्रणाली, जनताबाट निर्वाचित समानुपातिक समावेशी संसद र प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको संविधानमा व्यवस्था गर्न आवश्यक छ ।

मुलुकको यथास्थितिवादी पार्टीहरु संविधान संशोधन मुलुक र जनताको पक्षमा गर्छन भन्ने हाम्रो विशवास छैन । बरु संविधान संशोधनको नाममा प्राप्त उपलब्धिहरुलाई कटौती गर्ने, संघीयता कमजोर पार्ने समानुपातिक प्रतिनिधित्व प्रणाली हटाउने, समावेशी प्रतिनिधित्वलाई कम गर्ने कार्य गर्ने सम्भावना छ । यदी संविधानमा प्राप्त उपलब्धिलाई कुनै किसिमले कमजोर बनाउने/समाप्त पार्ने कार्यहरु गरीए हामी सदन र सडकबाट त्यसको प्रतिकार गर्नेछौं । संविधान जारी भएको १० वर्ष वित्न लाग्यो, संविधानमा प्रत्यायोजित प्रदेशको अधिकार प्राप्तिका लागि बनाउनु पर्ने थुप्रै आवश्यक ऐन कानूनहरु नबनाएको हुनाले यसबाट यथास्थितिवादी प्रतिगामी शक्तिहरुको मनोभावना बुझिन्छ । तसर्थ संविधान कार्यान्वयनमा गएपछि संवैधानिक कठीनाइहरुलाई हटाउन जनपक्षिय संविधान बनाउनको लागि संविधान संशोधन अपरिहार्य छ ।

६. पहिचानको आन्दोलन र कोशी प्रदेश नामाकरण विरुद्धको संघर्ष नेकपा (एमाले), नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) समेतको सहमतिमा प्रदेश नं. १ लाई कोशी प्रदेश नामाकरण गर्ने प्रदेश सभाले निर्णय गरेपछि त्यसविरुद्ध जारी आन्दोलनलाई हाम्रो पार्टीले पूर्ण समर्थन र ऐक्यवद्धता जारी नै राखेको छ । हाम्रो पार्टीको सहयोग र समर्थनलाई जनताले सकारात्मक रुपले लिएका छन । प्रदर्शनकारी पदम लिम्बुको शहादत र सयौंको संख्यामा प्रदर्शनकारीहरु घाईते भएपनि आन्दोलनकारीहरुको जोस र उत्साहमा कमी नआउनुले, पहिचानको मुद्दा अझ बढी सशक्त रुपले उठनेमा हामी विश्वस्त छौ । हाम्रो पार्टी सुरुदेखी नै पहिचानमा आधारित दस जोड एक (१०+१) को राज्य पर्नसंरचनाको प्रस्तावको पक्षमा दृढतापूर्वक उभिएको छ । उक्त लक्ष्यप्रतिको आन्दोलनमा हाम्रो पार्टीले सहयोग र समर्थन मात्र होइन नेतृत्वदायी भूमिका खेल्ने छ ।

**७. पाथीभरा (मुक्कुमलुङ) आन्दोलन सम्बन्धमा**

किराँत लिम्बु लगायत आदिवासी समुदायको धार्मिक, सामाजिक एवं साँस्कृतिक पहिचान र आस्थाको केन्द्र मुक्कुमलुङको प्राकृतिक सौन्दर्य र संरचनालाई बचाउन र आफनो पहिचान कायम राख्न भइराखेको आन्दोलनमा आन्दोलनकारीहरुमाथि भएको दमन, धरपकड जस्ता कार्य लोकतान्त्रिक मूल्य र मान्यता विपरित छ । उक्त कार्यको जसपा नेपाल घोर निन्दा र भर्त्सना गर्दछ । प्रहरी दमन गर्ने कार्य तत्काल रोकी आन्दोलनकारीहरुसँग वार्ता मार्फत समस्यालाई सम्बोधन गर्नु पर्दछ । पक्राउ परेकाहरुको रिहाई तथा घाईतेहरुको स्वास्थ्य उपचारको राम्रो प्रबन्ध गर्न हाम्रो जोडदार माग छ ।

**८. दलहरूबीच सहकार्य/मोर्चा/गठबन्धन बारे**

समान विचार, लक्ष्य र एजेण्डा रहेको दलहरुबीच मोर्चा निर्माण गरी मुलुकको उत्पीडित समुदाय मधेशी, आदिवासी जनजाति, थारु, मुस्लिम, महिला, अल्पसंख्यक तथा सिमान्तकृत लगायतका अधिकार प्राप्तिको लागि विगतको संघर्ष/आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा, संविधानमा अधिकार सुनिश्चित गराउन सहकार्य अथवा मोर्चा गठन उन्मूख रहेको छ । हाम्रो पार्टीको केन्द्रीय कार्यकारिणी समितिको बैठकले उपाध्यक्ष मा. राजकिशोर यादवको संयोजकत्वमा अन्तरपार्टी समन्वय समिति गठन गरी मोर्चा/गठबन्धनसँग छलफल/वार्ता/कार्यक्रम अगाडि बढाउन निर्णय गरिसकेको छ । उक्त प्रक्रियालाई निष्कर्षमा सक्दो चाँडो पुऱ्याउनु पर्दछ ।

**९. अन्तर्राष्ट्रिय सम्बन्ध बारे**

जनता समाजवादी पार्टी, नेपालको सैद्धान्तिक एवं बैचारिक मान्यता अनुरुप विश्वमा स्थापित राजनीतिक दलहरुको एसियाली साझा संस्था SOCDEM ASIA PACIFIC (SOCIAL DEMOCRACY ASIA PACIFIC) को २०२३ जुन महिनामा काठमाडौंमा सम्पन्न भएको Steering Committee बैठकले जसपा नेपाललाई Observer status प्रदान गऱ्यो । SOCDEM ASIA PACIFIC को २०२४ जुलाईमा फिलिपिन्सको मनिलामा सम्पन्न भएको SOCDEM ASIA PACIFIC को Steering Committee को बैठकले जसपा नेपाललाई सदस्यता (Membership) प्रदान गर्ने निर्णय गऱ्यो ।

यसरी १५ वर्ष पुरानो एसियाली समाजवादी राजनीतिक दलहरुको सामाजिक लोकतान्त्रिक आन्दोलनमा हामी पाँच वर्ष देखि निरन्तर रुपमा सक्रिय थियौं । साथै दक्षिण अमेरिका महादेशको Chile को राजधानी Santiago मा २०२४ अक्टोबर ४, ५ र ६ मा PROGRESSIVE ALLIANCE को GLOBAL CONFERENCE सम्पन्न भएको छ । उक्त सम्मेलनमा जसपा नेपालका केन्द्रीय अध्यक्ष मा. उपेन्द्र यादव र विदेश विभाग प्रमुख अर्जुन थापाको समेत सहभागिता रहेको थियो । PROGRESSIVE ALLIANCE को GLOBAL CONGRESS ले जसपा नेपाललाई विश्वस्तरीय अन्तर्राष्ट्रिय आन्दोलन PROGRESSIVE ALLIANCE को सदस्यता सर्वसम्मतिबाट प्रदान गऱ्यो । PROGRESSIVE ALLIANCE श्रमिक, सामाजिक लोकतान्त्रिक र समाजवादी पार्टीहरुको अन्तर्राष्ट्रिय संगठन हो । यसले समानता, स्वतन्त्रता, सामाजिक न्याय र ऐक्यवद्धतालाई विश्वव्यापी अभियानको रुपमा कार्य गरिरहेको छ । जसपा नेपाल समानता, स्वतन्त्रता, सामाजिक न्याय र समाजवादी लोकतन्त्रको आन्दोलनलाई अझ बढी सशक्त बनाउन कटिवद्ध रहेको छ ।

**१०. नेपाल ग्रे लिष्ट (Grey List) मा परेको सम्बन्धमा**

नेपाल सरकार FATF को ग्रे लीष्टमा पर्नु हाम्रो लागि दुर्भाग्य हो । नेपाल सरकारको गलत आर्थिक नीति तथा क्रियाकलापले मुलुकलाई बदनाम गराउने कार्यले ठूलै मूल्य चुकाउनु पर्ने अवस्था सिर्जना भएको छ । सम्पत्ति सुद्धीकरण, आतंकवादी गतिविधि तथा अन्य वित्तीय अपराध मामलामा निग्रानी राख्ने अन्तर्राष्ट्रिय संस्था FATF (Financial Action Task Force) ले सम्पत्ति सुद्धीकरण, निवारण सम्बन्धी अनुसन्धान र कानून कार्यान्वयनमा राजनीतिक नेतृत्वको भ्रष्ट आचरण, लुटतन्त्र, Crony Capitalism, सरकारको गैरजिम्मेवार, अदुरदर्शी आर्थिक नीतिको कारणले नेपाल ग्रे लिष्टमा परेको छ र नेपाल आगामी दुई वर्षसम्म ग्रे लिष्टमा रहने छ । FATF को ग्रे लिष्टमा परेका कारणले मुख्य गरी वित्तीय तथा कुटनीतिक क्षेत्रमा असर पर्दछ । अन्तराष्ट्रिय मुद्रा कोष (IMF), विश्व बैंक (World Bank), एसियाली विकास बैंक (ADB) जस्ता अन्तर्राष्ट्रिय बैंक तथा दातृसंस्थाहरुले ऋण, आर्थिक सहायता तथा अनुदान घटाउनेछन । विदेशी ऋण पाउनसमेत गाह्रो हुने छ । कतिपय दातृ संस्थाले नकारात्मक सूचीमा रहेको मुलुकलाई अनुदान र सहायता दिदैनन । यसको मुख्य कारण नेपालले गैरवित्तीय क्षेत्रको नियमन गर्न नसकेको, आतंकवादी क्रियाकलापमा हुने वित्तीय लगानीलाई ट्रयाकिङ गर्न नसकेको, सम्पत्ति सुद्धीकरणसँग जोडिएका मामिलाहरु अनुसन्धान गर्न नसकेको, कानून भएपनि कार्यान्वयन पक्ष कमजोर रहेको, राष्ट्र बैंक, धितो बोर्ड, विमा प्राधिकरणबाट कमजोर निगरानी भएको, भ्रष्टाचार र कमिसन तन्त्र मौलाएको अवस्था रहेकोले आगामी दिनमा मुलुकको विकास कार्यसमेत अबरुद्ध हुने खतरा बढेर गएको छ ।

**११. वैदेशिक तथा आन्तरिक ऋण तथा विकास कार्य**

नेपाल वैदेशिक तथा आन्तरिक ऋणमा चुर्लुम्म डुबेको अवस्था छ । नेपालमा बाह्य तथा आन्तरिक ऋण गरी करिब २६ खरब रहेको छ । जसमा आधी वैदेशिक तथा आधि आन्तरिक रहेको छ । नेपाल सरकारले प्रत्येक वर्ष साँवा र ब्याज गरी करिब ३ खरब भुक्तानि गर्दै आएको छ । वैदेशिक तथा आन्तरिक ऋणबाट प्रत्येक वर्ष नेपाल सरकार पूर्वाधार संरचना निर्माण, स्वास्थ तथा शिक्षामा खर्च गरेको देखिन्छ । नेपाल सरकारले लिएको ऋणमा ब्यापक भ्रष्टाचार तथा कमिशनको खेलले संचालित परियोजनाहरु समयमै सम्पन्न नभई अबरुद्ध भएको देखिन्छ । नेपाल सरकारको बजेटको अवस्था हेर्ने हो भने संवैधानिक व्यवस्था अनुसार जेष्ठ १५ गते संघ र असाढ १ गते प्रदेशको सदनमा बजेट प्रस्तुत गरी असाढ मसान्तभित्र पास गर्ने गरिन्छ । तर गलत नीति तथा नियतले गर्दा बजेट समयमै खर्च नभई विकासका परियोजनाहरु, शिक्षा तथा स्वास्थ क्षेत्रमा महत्वपूर्ण लगानीहरु भएपनि समयमा खोजेको उपलब्धि देखिएको छैन । संघ तथा प्रदेश सरकारहरुले प्रत्येक वर्ष ७० देखि ८० प्रतिशतको वीचमा मात्र खर्च गर्दो रहेछ । नेपाल सरकारको सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रावधान अनुसार खर्च गर्नु पर्ने कारणले खर्च गर्ने प्रक्रियामा संलग्न पदाधिकारीहरुको ढिलासुस्ति, समयमा प्रक्रिया अगाडी नबढाउने तथा कमिशनको खेलको कारणले संचालित परियोजनाहरु अधुरै रहने गर्दछन् ।

**१२. आगमी संगठनात्मक कार्ययोजना**

क) २०८१ फागुन मसान्तभित्र पार्टीको राष्ट्रिय महाधिवेशन पछी पार्टी विधान अनुसार थप भएका संगठित पार्टी सदस्यहरुको अभिलेख तयार गरी पार्टी केन्द्रीय कार्यालयमा बुझाई सक्नुपर्दछ ।

ख) पार्टीलाई लोकतान्त्रिक विधि र प्रक्रिया अनुसार पार्टी संगठन निर्माण तथा संचालन गर्न र आन्तरिक लोकतान्त्रिक अभ्यास गर्न २०८१ चैत्र मसान्त भित्र सबै स्थानीय तह वडा, पालिका र जिल्लाहरूको पार्टी विधान अनुसार अधिवेशन सम्पन्न गर्ने, २०८२ साल बैशाख २५ गते भित्र सबै प्रदेशहरू र राष्ट्रिय समितिहरूले आ-आफनो प्रदेश अधिवेशन सम्पन्न गर्ने र साथै २०८२ साल बैशाख मसान्त भित्र पार्टीका सम्पूर्ण भातृसंगठनहरूले अधिवेशनहरू सम्पन्न गर्ने । अधिवेशन सम्पन्न गर्न नसक्ने पार्टी संगठन वा भातृसंगठनका केन्द्रीय समितिलाई भंग गरी नयाँ प्रक्रियाबाट कार्यको थालनी गरिनेछ । पार्टीको विधान अनुसार प्रदेश समितिहरुले स्थानीय तहको अधिवेशन सम्बन्धी कार्यक्रमहरु यथाशिघ्र तय गरी कार्यान्वयन गर्न/गराउनु पर्दछ ।

ग) पार्टी निर्णय र विधान अनुसार आफूले पाएका जिम्मेवारी र दायित्वलाई कार्यान्वयन गर्न नचाहने वा पूरा गर्न प्रयास नगर्ने वा गर्न नसक्ने वा पदीय मर्यादा अनुरुप कार्य वा आचरणको पालना नगर्ने केन्द्रीय समितिका सदस्यहरुको हकमा नीजले पाएका जिम्मेवारी र पदीय दायित्वबाट मुक्ति गरी केन्द्रीय समितिलाई अद्यावधिक गर्न सकिनेछ ।

**१३. परिसंघ गठन सम्बन्धमा**

१९९७ सालदेखि हालसम्म निकै राजनीतिक परिवर्तनहरू भए राणा शासन, निरंकुश पञ्चायती व्यवस्था र राजतन्त्रात्मक प्रणालीको अन्त्य भई मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली स्थापना भइसक्दा पनि सामन्तवादी उत्पीडन, वर्णवादी तथा नश्लवादी जातीय सोच, चिन्तन र अभ्यासका कारणले शोषित, उत्पीडित वर्ग र जात/जातीय समुदायहरूमाथि कायम रहेको अन्याय, अत्याचार, शोषण, दमनकासाथै विभेद, उत्पीडन र असमानतामा खासै परिवर्तन हुन सकेन । खासगरी दलित, आदिवासी जनजाती, पिछडावर्ग, थारु, अल्पसंख्यक समुदायहरू माथिको आर्थिक, सामाजिक र राजनीतिक रूपले असमानता, विभेद, शोषण र उत्पीडन यथावत नै रहेका छन । नेपालको संविधान, कानून र अन्तर्राष्ट्रिय महासन्धि समेतले निषेध गरेको लैङ्गिक तथा जातीय/राष्ट्रिय उत्पीडन तथा असमानता र विभेदलाई अन्त्य गर्न, उत्पीडित समुदायहरूको राष्ट्रिय पहिचानको मान्यता, जनसंख्याको आधारमा प्रतिनिधित्व र अधिकारकासाथै समानता, स्वतन्त्रता र सामाजिक न्यायको प्राप्तिका लागि संघर्ष गर्न यी समुदायहरूसँग सम्बन्धित संगठन/संघ-संस्था र व्यक्तित्वहरू सम्मिलित रहने गरी एउटा महासंघ अर्थात परिसंघ (Nepalese Confederation of Dalit, Indigenous, Other Backward Class, Tharu and Minorities ) गठन गरी सोको नीति, कार्यक्रम र कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

**१४. आगामी कार्यदिशा**

जबसम्म समाजमा वर्गीय, लिङ्गिए, जातीय वा वर्ण व्यवस्थामा आधारित शोषण उत्पीडन र भेदभाव रहिरहन्छ, समाजमा तबसम्म संघर्ष भइ नै रहन्छ ।

नेपाली कांग्रेस, नेकपा (एमाले) तथा अहिलेको नेकपा (माओवादी केन्द्र) समेत पार्टीहरुको लागि अहिलेका प्राप्त उपलब्धिहरु नै बढी भइसकेकाले उनीहरुको अबको एक मात्र लक्ष्य नै सरकार हो । तर हाम्रो जस्तो समानता, स्वतन्त्रता, संघीयता, सुशासन, समृद्धी, समाजिक न्याय र समाजवादी लोकतन्त्रको लक्ष्य बोकेको पार्टीको लागि संसदीय तथा गैरसंसदीय संघर्ष अहिलेको एक मात्र विकल्प हो । अहिले हामीले दुई वटा मोर्चाबाट संघर्ष गर्नु पर्दछ । एउटा संसदी मोर्चा र अर्को सडक जनसंघर्षको मोर्चा ।

संघीयता कार्यान्वयन, उत्पीडित राष्ट्रियताहरुको पहिचान र अधिकारको सवाल, भ्रष्टाचार, सुशासन, महङगी, गरिबी तथा विरोजगारी, श्रमजीवी वर्ग र कृषकहरुको समस्या, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा देखिएको बेथिति, महिला हिंसा, दलित विरुद्धको विभेद, झुट्टा मुद्दा खारेजी, राजबन्दीहरुको रिहाई, पहिचानमा आधारित राज्यपुर्नसंरचनाको मुद्दा, अल्पसंख्यक समुदायको पहिचान तथा अधिकार सुनिश्चित्तताको लागि, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र निर्धारण सम्बन्धि विषयलाई लिएर आन्दोलन र जनसंघर्ष अगाडी बढाउन आवश्यक छ । आन्दोलनलाई परिणाममूखी बनाउन सिद्धान्त विचार मिल्ने दलहरुबीच मोर्चा/गठबन्धन र सहकार्य गर्न जरुरी छ । नीति, सिद्धान्त र विचार मिल्ने दलहरुसँग एकीकरणसमेत गर्न सकिने गरी हाम्रो पार्टीले पहलकदमी गर्नु पर्दछ ।

मुलुकमा रहेका भ्रष्ट साम्यवादी र पुँजीवादी अथवा उदारवादी राजनीतिक शक्तिहरुको विकल्पमा अग्रगामी परिवर्तनकारी शक्ति, प्रगतिशील, लोकतान्त्रिक, पहिचानवादी र समाजवादी शक्तिहरुबीच बृहत ध्रुवीकरण गरी समाजवादी लोकतान्त्रिक शक्ति निर्माण गर्न पहलकदमी लिनु पर्दछ ।

**१५. बाधा अडकाउ फुकाउ सम्बन्धमा** :

जनता समाजवादी पार्टी, नेपालको विधान २०८० को 'धारा १३९ बाधा अडकाउ फुकाउ' प्रयोग गरेर यो विधान कार्यान्वयनमा संगठन सम्बन्धी कार्यमा बाधा पर्न गएकोले सो फुकाउनका लागि बाधा अडकाउ फुकाउको प्रयोग गरी जनता समाजवादी पार्टी, नेपालको विधान २०८० को धारा २९ को उपधारा (३) संशोधन गर्न यो प्रस्ताव केन्द्रीय समितिको बैठकमा प्रस्तुत गरिएको छ ।

संशोधित धारा २९ को उपधारा (३) यस प्रकार हुनेछ - 'संघीय परिषद अध्यक्ष, केन्द्रीय समिति अध्यक्ष, वरिष्ठ नेता, सहअध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, सचिव, कोषाध्यक्ष र केन्द्रीय समितिबाट निर्वाचित २१ जना सदस्य समेत रहने गरी केन्द्रीय कार्यकारिणी समिति गठन गरिने छ' रहेको छ ।

तसर्थ केन्द्रीय समितिको बैठकबाट बाधा अडकाउ फुकाउ गरी "जातीय/समुदायिक तथा लैङ्गिक समावेशीतालाई आधारमानी संशोधित विधानको धारा २९ को उपधारा (३) बमोजिम कार्यकारीणी समितिमा थप उपाध्यक्ष -२, महासचिव - १ र ११ जना सदस्यहरु समेत रहने गरी केन्द्रीय सदस्यहरु मध्येबाट केन्द्रीय समितिले चयन गर्न सक्नेछ ।"

*(जनता समाजवादी पार्टी नेपालको केन्द्रीय समिति बैठकमा अध्यक्ष उपेन्द्र यादवले प्रस्तुत गरेको प्रतिवेदनको पूर्णपाठ)*

# मधानी महोत्सवले मौलापुरमा १० करोडभन्दा बढीको आर्थिक कारोबार : नगरपालिका




रौतहट । रौतहटको मौलापुर नगरपालिका स्थित पतौराधाममा आयोजित मधानी महायज्ञको खर्च विवरण सार्वजनिक गरिएको छ । मधानी महायज्ञमा ६६ लाख २३ हजार तीन सय खर्च हुँदा १० करोड भन्दा बढीको आर्थिक कारोबार भएको नगरपालिकाले जनाएको छ ।

बिहीबार मौलापुरमा मधानी महायज्ञको खर्च सार्वजनिक गर्दै नगरपालिकाले महायज्ञ शान्तिपुर्णरुपमा सम्पन्न भएको जनाएको छ । पाँच दिनसम्म चलेको मधानी महोत्सवले मौलापुरकी गौरव बढ़ाएको मौलापुर नगरपालिकाका मेयर रिनाकुमारी साहले जनाएकी छन् ।

'मधानी महायज्ञ पाँच दिनसम्म चलेको छ । नेपाल र भारतका लाखौं दर्शनार्थीहरु पतौराधाममा आएर शिवको दर्शन गर्नुभएको छ । यसले मधानी महायज्ञ र पतौराधाम अन्तर्राष्ट्रिय स्तरमै स्थापित भएको छ', मेयर साहले भनिन्, 'मधानी महायज्ञमा ६६ लाख २३ हजार तीन सय खर्च हुँदा १० करोड भन्दा बढीको आर्थिक कारोबार भएको छ । स्थानीय व्यापारी, व्यवसायीहरु लाभाविन्त भएका छन् ।'

मधानी महायज्ञ भव्यरुपमा सम्पन्न गर्नमा सहयोग गर्ने र मधानी महायज्ञमा सहभागि भई साथसहयोग गर्ने सबैलाई उनले धन्यवाद व्यक्त गरेकी छन् । भगवान शिवको बरात यात्रा सहित बिभिन्न कार्यक्रम गर्दै सम्पन्न मधानी महोत्सवले पतौराधाम र मधानी महायज्ञ अन्तर्राष्ट्रिय स्तरमै स्थापित भएको उनले बताईन् । लाखौंको भिडलाई व्यवस्थापन गर्दै शान्तिपूर्ण रुपमा सम्पन्न भएको मधानी महायज्ञ षडयन्त्रकारीहरुले रोक्ने प्रयास गरे पनि उनीहरु शिवको आर्शिवादले असफल भएको उनले बताईन् ।

मौलापुर नगरपालिकाका निमित प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहका अनुसार मधानी महायज्ञमा आरती, पुजा, पुजारी तथा पुजन सामाग्रीमा ६८ हजार, रंगरोगन, मन्दिर तथा मंच सजावट, झण्डा आदीमा एक लाख ७२ हजार पाँच सय, टेण्ड, कुर्सी, लाईट, साउण्डमा नौ लाख ७१ हजार, आठ सय, प्रचारप्रसारमा दुई लाख ६० हजार, होडिंग बोर्ड, व्यानर, पोष्टरमा दुई लाख ५५ हजार, पुरातात्विक महादेव मन्दिरको एसिपी बोर्ड प्यानल सहित गोल्डेन स्टील लेटरको बोर्ड निर्माणमा एक लाख ३५ हजार खर्च भएको नगरपालिकाले जनाएको छ ।

यसैगरी भगवान शिवको बरात यात्रामा एक लाख ३० हजार पाँच सय, शिव मण्डलीलाई पुरस्कारमा एक लाख ६५ हजार, सम्मानपत्र, मायाको चिनो, आमन्त्रण सुपारी, कार्ड, प्रवेश पासमा एक लाख २९ हजार पाँच सय, कुस्ति खेलाडीहरुमा एक लाख ७६ हजार, कलाकारको पारिश्रमिक ३० लाख, अतिथिहरुको होटल बासमा एक लाख, मेस सञ्चालन (सुरक्षाकर्मी, कलाकार, खेलाडी, अतिथि एवं अन्य)मा दुई लाख ६३ हजार, कार्यक्रम स्थल तयारी तथा घेराबारमा एक लाख ३३ हजार, स्थानीय टेण्ड तथा प्रसादमा एक लाख ५० हजार, मधानी गीत तथा भिडियो निर्माणमा दुई लाख ५० हजार, नगर सरसफाईमा २४ हजार, साक्षरताको लागि सरसफाई सहित महायज्ञ उदघाटन समारोह खर्च (पुरस्कार, खाजा आदी)मा एक लाख २५ हजार र विविध खर्चमा एक लाख १५ हजार सहित ६६ लाख २३ हजार तीन सय खर्च भएको आयोजकले जनाएको छ ।

मौलापुर नगरपालिका पतौराधाम स्थित धार्मिक, सांस्कृतिक, पर्यटकीय एवं ऐतिहासिक पुरातात्विक महादेव मन्दिरलाई विश्वसम्पदा सूचिमा सूचिकृत गराउने संकल्प सहित सुरु भएको मधानी महायज्ञ पाँच दिनसम्म बिभिन्न कार्यक्रम सहित सम्पन्न भएको छ ।

११ फागुनमा बिभिन्न विद्यालयका विद्यार्थीहरुले शिक्षा/साक्षारत केन्द्रीत सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । १२ गते भगवान शिवको बरात यात्रा निष्केको थियो भने १३ गते शिवमन्दिरमा विशेष पुजा भएको थियो र शिवमण्डलीका बीचमा नै प्रतिस्पर्धा भएको थियो । यस्तै १४ गते मधानी विशेष सांस्कृतिक कार्यक्रम भएको थियो । जसमा नेपाल र भारतका चर्चित कलाकारहरुले आफ्नो प्रस्तुती राखेका थिए । १५ गते मधानी विशेष दंगल कार्यक्रमसंगै महाधानी महोत्सव सम्पन्न भएको हो ।

अन्तिम दिन प्राचिन खेल दंगल (कुस्ती) कार्यक्रममा नेपाल र भारतका पुरुष र महिला चर्चित पहलवानहरुको विशेष सहभागिता रहेको थियो । नेपालको बिभिन्न ठाउँका पहलवानहरु त्रिलोकी यादव, बाब हरिओम, नमर्ता, मोकतार अली अनुठा साह पतौराधामको दंगल कार्यक्रममा सहभागि थिए । यस्तै भारतको केरलाबाट कटपा पहलवान, हलचल पहलवान, उतराखण्डबाट मेन्टल पहलवान, अजगर पहलवान, भुकम्प पहलवान, जम्मु कश्मीरबाट जावेद अली, यामिन पहलवान सहभागि भएका थिए । यसैगरी झारखण्डबाट एप्पल पहलवान, गोरखपुरबाट खुशी पहलवान, गोपलगंज बिहारबाट पायल पहलवान, हरियाणाबाट काजल पहलवान, बंगालबाट हुकुम सिंह, धमाका पहलवान, बनारसबाट प्रिन्स पहलवान सहित स्थानीय पहलवानको समेत सहभागिता रहेको थियो ।

मधानी महायज्ञले मौलापुरको व्यापारका साथै नेपाल-भारतको सम्बन्ध समेत अझै बलियो बनाएको छ । 'यसले दुबै देशको सम्बन्ध अझै बलियो बनाउँने विश्वास छ । मधानी महायज्ञ नेपाल-भारत सम्बन्धको सेतु बनेको छ', मौलापुर नगरपालिकाका मेयर साहले भनिन् ।

प्रत्येक बर्ष भगवान शिव पार्वतीकोको विवाह उत्सवको रुपमा मनाईने मधानी महायज्ञले धर्म, संस्कृतिको संरक्षण समेत हुने गरेको मेयर साहले जनाएकी छन् । नेपाल र भारतका लाखौं दर्शनार्थीहरु दर्शन गर्न यहाँ आउँने भएकाले त्यसले दुई देशको सम्बन्ध अझै बलियो बनाउँने विश्वास उनले व्यक्त गरिन् ।

मधानी महायज्ञमा निष्केको भगवान शिवको बरात यात्रालाई आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले स्वागत गरेका थिए । मधानी महोत्सवले मधानी महायज्ञ र पतौराधामलाई अन्तर्राष्ट्रिय स्तरमै स्थापित भएको साहले जनाएका छन् । कार्यक्रममा भोजपुरी सिने जगतका लेखक, निर्माता तथा पूर्वमन्त्री बिनय बिहारी, 'डायरी अफ मणिपुर' फिल्मका निर्देशक सनोज मिश्र, भोजपुरीका चर्चित गायक एवं अभिनेता रितेश पाण्डेको मधानी विशेष सांस्कृतिक कार्यक्रममा विशेष प्रस्तुती रहेको रहेको थियो ।

यसैगरी मधानी महोत्सवमा महाकुम्भ मेलाका भाईरल गर्ल मोनालिसा सहित भोजपुरी कलाकारहरु मिंटुवा, गायक सुनील पंडित, नेपाली गायक गौरभनारायण राई, भोजपुरीका कलाकार, प्रिया सुहानी सहित स्थानीय कलाकारको समेत विशेष प्रस्तुती रहेको थियो ।

# वनको संरक्षण र दिगो व्यवस्थापनमा समन्वय आवश्यक : उपराष्ट्रपति यादव



ललितपुर । उपराष्ट्रपति रामसहाय प्रसाद यादवले वन हाम्रो पहिचान, सम्पदा र जीवनशैलीसँग प्रत्यक्ष जोडिएको प्राकृतिक स्रोत भएकोले यसको संरक्षण, प्रवर्द्धन र दिगो व्यवस्थापनका लागि सरकार, सरोकारवाला निकाय, स्थानीय समुदाय तथा प्राविधिक विज्ञहरूबीच समन्वयको आवश्यकता रहेको बताएका छन् ।

उनले ललितपुरमा मंगलबार आयोजित नेपाल वन प्राविधिक संघको स्वर्ण महोत्सव समारोहमा प्रमुख अतिथिका रुपमा सम्बोधन गर्दै वन सम्बन्धी नीतिगत सुधार, नवीन प्रविधिको प्रयोग र वैज्ञानिक अनुसन्धानलाई प्राथमिकता दिँदै वन क्षेत्रको समृद्धि सुनिश्चित गर्न सबैको साझा प्रयास आवश्यक रहेको बताएका हुन् । उनले 'हरियो वन नेपालको धन' भनेर चिनिएको नेपालको ठूला प्राकृतिक स्रोतको केन्द्र वन भएकोले यसमा सबैको समान पहूँच जरुरी रहेको उल्लेख गर्दै नेपालको कूल जमिनको ४६ प्रतिशत ढाकेको वन क्षेत्रलाई कायम राख्दै थप विस्तारमा टेवा पुग्ने योजनाका साथ अघि बढ्नु निर्विकल्प रहेको बताए ।

'नेपालको संविधानको निर्देशक सिद्धान्तहरुमा धारा ५१ मा उल्लेखित 'जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनिकरण गर्दै वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने' उद्देश्यबाट परिलक्षित छ' उपराष्ट्रपति यादवले भने, 'वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने उद्देश्य पनि संविधानमा उल्लेख छ । यी उद्देश्य र नीतिहरुलाई कार्यान्वयनमा ल्याउन सबैको भूमिका उत्तिकै महत्वपूर्ण भएपनि नेपाल वन प्राविधिक संघको जिम्मेवारी झनै बढी छ ।'

कार्यक्रममा उनले पछिल्लो समय तराई-मधेशमा पानीको सतह तल गएको र पानीको स्रोतहरू सुक्दै गएको अवस्थामा यसलाई रोक्न प्राविधिक संघले गर्न सक्ने कार्यहरूको योजना र रणनीति तर्जुमामा सरकारलाई सुझाब र सल्लाह दिएर नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने बताए । 'आयमुखी वन व्यवस्थापनका लागि वन उद्यमी तथा सरोकारवालाहरूलाई अभिप्रेरित गर्न आवश्यक छ' उनले भने, 'वन, वनस्पति र वन्यजन्तुहरूको संरक्षणका लागि प्राविधिक संघले स्वदेश तथा विदेशका सरोकारवालाहरूसँग समन्वय गरेर जैविक विविधता संरक्षण, जलवायु परिवर्तन लगायतका मुद्दालाई अन्तर्राष्ट्रिय जगतमा उठाउन सरकारलाई सहयोग गर्नुपर्दछ ।'

उनले वन, वनस्पति र वन्यजन्तुहरु आवाजविहीन भएकाले आवाज बनेर यो संघले स्वदेश तथा विदेशका सरोकारवालाहरुबीच नेपाल अनुकूल धारणाहरु अवलम्बन गर्दै जैविक विविधता संरक्षण, जलवायु परिवर्तन लगायतका मुद्दालाई अन्तर्राष्ट्रिय जगतमा उठाउन सरकारलाई थप सहयोग गर्नु पर्ने बताए । 'समयसापेक्ष आफूलाई परिस्कृत गर्दै नवीकरणीय प्राकृतिक स्रोत वनलाई मानवीय/प्राणीजन्य दखल नपुग्ने गरी स्वचालित रुपमा नवीकरण हुने अवस्थामा पुर्याउन संघका सदस्यहरुले आफ्नो ज्ञान, सीप र दक्षता प्रदर्शन गर्न सक्नुपर्दछ ' उपराष्ट्रपति यादवले भने, 'यस संघले प्राविधिक विशेषज्ञता अभिवृद्धि गर्दै देशभरका वन प्राविधिकहरूलाई एकताबद्ध गरी सामाजिक, आर्थिक र वातावरणीय हितका लागि निरन्तर प्रयासरत रहन आवश्यक छ ।'

उनले देश, विश्व परिवेश तथा अन्तर्राष्ट्रिय मान्यताहरुलाई आत्मसात् गर्दै वन व्यवस्थापनको लक्ष्य हासिल गर्न नेपालको वन-उद्योग क्षेत्रमा दिगो विकासका लागि नीति, सहजीकरण र सहकार्यको महत्वपूर्ण भूमिका रहेको उल्लेख गरे । 'खासगरी, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली कार्यान्वयनमा आइसकेको अवस्थामा वन क्षेत्रमा उद्यमशीलताको विकास गर्नु आजको आवश्यकता हो ' उनले भने, 'देशभित्रै स्रोतहरुको पर्याप्तता हुँदाहुँदै काठ र फर्निचरहरुको आयात परिमाणमा वृद्धि तथा नवीकरणीय स्रोतको उपयोगभन्दा पनि आल्मुनियम तथा फलामको आयातमा वृद्धिले वातावरणीय विनाश भईरहेको छ ।' यो सन्दर्भमा, संघले यसका प्रमुख कारणहरु खोतल्दै गहन अध्ययन/अनुसन्धान मार्फत् सकारात्मक परिणाम आउने गरी पहल गर्न आवश्यक रहेको बताए ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# नेपाल-भारतको सांस्कृतिक सम्बन्ध सुदृढ पार्ने धार्मिक परिक्रमा

महोत्तरी । नेपाल-भारत खुला सीमा संवाद समूह र क्लोथ बैंक नेपालको संयुक्त आयोजनामा मिथिला मध्यमा परिक्रमाअन्तर्गत श्रद्धालु भक्तजन, साधु-सन्त तथा सम्पूर्ण यात्रुहरूको स्वास्थ्य र सुविधालाई ध्यानमा राख्दै हेल्पडेस्क सञ्चालन गरिएको छ ।

परम्परागत रूपमा प्रत्येक वर्ष आयोजना हुने मिथिला मध्यमा परिक्रमा हिन्दू धर्मावलम्बीहरूका लागि गहिरो आध्यात्मिक र सांस्कृतिक महत्व बोकेको छ । यस परिक्रमाले धार्मिक पर्यटनलाई प्रवर्द्धन गर्नुका साथै नेपाल-भारतबीचको सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाउने काम गर्छ ।

नेपाल-भारत खुला सीमाको कारण यात्रुहरूलाई सहजता मिल्नुका साथै धार्मिक तथा सांस्कृतिक आदान-प्रदानलाई प्रवर्द्धन गर्ने अवसर पनि प्रदान गरेको संस्थाको केन्द्रीय अध्यक्ष डा.राजीव झाले बताए ।

यसै सन्दर्भमा, महोत्तरी जिल्लाको पाँच वासामध्ये अन्तिम चरणको कंचनवन वासमा हेल्पडेस्क सञ्चालन गरिएको थियो ।




नेपाल-भारत खुला सीमाको फाइदा बारे बोल्दै संस्थाको केन्द्रीय उपाध्यक्ष शिवशंकर साह हिराले नेपाल-भारत खुला सिमानाका कारण धार्मिक तथा सांस्कृतिक गतिविधिहरू सहज रूपमा सम्पन्न गर्न सकिने बताए । भारतका विभिन्न स्थानबाट आएका श्रद्धालु भक्तजन तथा साधु-सन्तहरूले बिना झन्झट नेपाल प्रवेश गरी परिक्रमा गर्न पाउने सुविधा पाएका छन् । यसले धार्मिक पर्यटनलाई प्रवर्द्धन गर्न सहयोग गर्नुका साथै स्थानीय अर्थतन्त्रमा समेत टेवा पु-याएको बताए ।

मिथिला मध्यमा परिक्रमा नेपाल-भारतबीचको सांस्कृतिक सम्पर्कको प्रतीक मानिन्छ । नेपाल-भारत खुला सीमाका कारण यी धार्मिक यात्राहरू सहज बन्दै गएका छन्, जसले धार्मिक पर्यटकलाई आकर्षित गर्दै नेपालको स्थानीय अर्थतन्त्रलाई समेत बलियो बनाउने काम गरेको कार्यक्रम संयोजक दिपक यादवले बताए ।

कार्यक्रम सह संयोजक रुबि झाका अनुसार यस हेल्पडेस्क मार्फत यात्रुहरूका लागि स्वास्थ्य जाँच, आवश्यक औषधि वितरण तथा अन्य आवश्यक सामग्रीहरू उपलब्ध गराउने कार्य भइरहेको तथा आज श्रद्धालुहरुलाइ स्वागत स्वरूप अबिर, फूलमाला अर्पण गर्नुका साथै स्वास्थ्य परिक्षण तथा आवश्यक सहयोग प्रदान गरिएको थियो ।

यस वर्ष नेपाल-भारत खुला सीमा संवाद समूहले धार्मिक परिक्रमालाई थप व्यवस्थित बनाउन गुमसुदा व्यक्तिहरूको खोजीका लागि एलाउन्स प्रणाली सञ्चालन गर्नुका साथै होलि महोत्सव समेत भव्य रूपमा मनाएको छ। सहभागीहरूको अनुसार, हेल्पडेस्क सञ्चालन तथा विविध सुविधाहरूको व्यवस्थापनले परिक्रमा यात्रुहरूलाई ठूलो राहत मिलेको छापत्रकार एवं शिक्षक दिपेन्द्र सिंहका अनुसार यस्ता कार्यक्रमहरुले धार्मिक यात्रुहरूको लागि सहज वातावरण सिर्जना गर्दै नेपाललाई धार्मिक पर्यटनको गन्तव्यका रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिन्छ ।

कार्यक्रममा कार्यालय सचिव कृष्ण कुमार साह, सिरहा निवासी सामाजसेवी रुपेश यादव, धनेश्वर ठाकुर, कमला बचाउ अभियानी बिक्रम यादव, बिपिन ठाकुरको सक्रिय सहभागिता रहेको थियो ।

# दलितको अधिकारलाई चाँडै कार्यान्वयन गरिने : मन्त्री साह

काठमाडौं । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर साह सुडीले दलित समुदायको संवैधानिक अधिकारलाई कानुन बनाएर कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका छन् ।

११५औँ अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा दलित महिला संघ (फेडो) ले आयोजना गरेको 'दलित महिला र बालिकामाथि हुने हिंसा र यसले पारेको असर' विषयक अन्तर्क्रियामा उनले संविधानको धारा २४ र ४० मा उल्लेखित दलित समुदायको अधिकारलाई जतिसक्दो चाँडो कानुन बनाएर कार्यान्वयन गर्ने बताए ।



उनले भने, "दलित समुदायको बारेमा केही नि भएको छैन भन्ने होइन, २०७२ साल अघि थिएन होला, तर नयाँ संविधानले दलित समुदायको लागि धेरै दिएको छ, त्यसलाई कानुन बनाएर कार्यान्वयन गर्नुपर्ने छ ।"

लामो संघर्षबाट प्राप्त समानुपातिक व्यवस्थालाई दलितलगायत सीमान्तकृत समुदायले जोगाउनेतर्फ पहल गर्नुपर्ने मन्त्री सुडीको भनाइ छ । प्रतिनिधि सभाका सांसद अनिसा नेपालीले दलित समुदायबारे एकीकृत कानुन निर्माणको निम्ति सक्दो पहल गरिरहेको जानकारी दिए ।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले दलित समुदायभित्र पनि दलित महिला सबैभन्दा बढी विभेदमा परेकाले उनीहरूका लागि राज्यले विशेष व्यवस्था गर्नुपर्नेमा जोड दिए । राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले दलित समुदायको आर्थिक, सामाजिक र राजनीतिक समस्या सम्बोधन नभएसम्म सामाजिक न्यायमा आधारित समाज निर्माण सम्भव नहुने बताए ।

फेडोका संस्थापक अध्यक्ष तथा नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का उपाध्यक्ष दुर्गा सोवले राज्यका नीति निर्माण तहमा दलित महिलाको समान सहभागिताका निम्ति कानुनी व्यवस्था गर्न माग गरिन् ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

मुखियापट्टि मुसहरनिया गाउँपालिका
धनुषा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

पिपरा गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

चन्द्रनगर गाउँपालिका
सर्लाही, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

महोत्तरी गाउँपालिका
महोत्तरी, मधेश प्रदेश



# काम गर्न ईलामभन्दा रौतहट सहज : प्रहरी उपरीक्षक घिमिरे

राकेश यादव, रौतहट । जिल्लामा विगतको तुलनामा अपराधको घटनामा कमी आएको छ । प्रहरी उपरीक्षक दिलीप घिमिरेको १० महिनाको कार्यकालमा गएको साउनदेखि माघ मसान्तसम्ममा समग्र रुपमा अपराधका घटनामा ३० प्रतिशतले कमी आएको हो ।

जिल्ला प्रहरी कार्यालयमा संचारकर्मीसँग कुरा गर्दै प्रहरी उपरीक्षक घिमिरे गम्भीर प्रकृतिकका घटनामा कमी आएको बताए । उनले केहि छिटपुट सानो घटना बढे पनि जघन्य अपराधको घटनामा कमी आएको दाबी गरे । घिमिरेले दिएको जानकारी अनुसार गम्भीर प्रकृतिका घटनामा विगत वर्षको तुलनामा चालू आर्थिक वर्षमा ५५ प्रतिशतले घटेको छ ।

गत वर्ष माघ महिनासम्म ९ वटा कर्तव्य ज्यानको मुद्दा दर्ता भएको थियो भने यस वर्ष अहिलेसम्म ४ वटा मात्र मुद्दा दर्ता भएकोले संख्याका कमी आएको उल्लेख गरे । जबरदस्ती करनीको घटनामा ४० प्रतिशत घटी भएको छ । पहिला २२ वटा घटना दर्ता भएको थियो भने अहिले ११ वटा मुद्दा दर्ता भएको छ । गत वर्ष माघ महिनासम्म ५४४



घटनाको मुद्दा दर्ता भएकोमा यस वर्ष अहिलेसम्म ३९२ वटा मुद्दा दर्ता भएको छ ।

अभद्र व्यवहार र हातहतियार सम्बन्धी घटना बढेको बताउँदै प्रहरी उपरीक्षक घिमिरेले साउनदेखि माघसम्म ६ वटा हातहतियारको घटना दर्ता भएको जनाए । अभद्र व्यवहारको गत वर्ष ५२ वटा मुद्दा दर्ता भएको थियो भने यस वर्ष ६१ वटा मुद्दा दर्ता भएको १७ दशमलव २० प्रतिशतले बढेको जनाए । उनले जिल्ला प्रहरी कार्यालयले रौतहट जिल्ला अदालत र जिल्ला प्रशासन कार्यालयबाट विभिन्न मुद्दामा कैद सजाय भई फरार रहेको ४६० जनालाई पक्राउ गरी ७१ वर्ष ५ महिना २ दिन कैद सजाय र २५ लाख ३६ हजार १ सय ३१ रुपैयाँ जरिवाना असल गरिएको तथ्यांक सुनाए ।

विभिन्न घटना पछि फरार रहेका ३१२ जनालाई पक्राउ गरी कानूनी दायरामा ल्याएकोले फरार रहेकाहरुमा त्रास फैलिएको दावी गरे । पत्रकारले सोधेको प्रश्नमा प्रहरी उपरीक्षक घिमिरेले रौतहट जिल्ला प्रचार भएको भन्दा फरक पाएको बताए । गलत भ्रामक प्रचारले गर्दा रौतहट असजिलो ठाउँ भएको मात्र देखिएको वास्तवमा त्यस्तो नभएको उल्लेख गरे । उनले भने बाहिर भएकोलाई रौतहट असजिलो ठाउँ भएको लाग्छ तर यहाँ आउँदा काम गर्न निकै सजिलो र सहज रहेको छ ।

प्रहरी उपरीक्षक घिमिरेले थपे पहिला कार्य गरेको ठाउँ ईलामभन्दा सहज रहेको छ । इमान्दारितापूर्वक काम गर्नेको लागि रौतहट निकै सहज र यहाँका आम नागरिक सहयोगी रहेका छन् । लोभ लालच र मोहमा परेर काम गर्नेका लागि असहज भएपनि भनिएको जस्तो रौतहट अति संवेदनशील नभएको जिकिर गरे ।

रौतहटमा काम गर्दा कस्तो चुनौतीहरुको सामना गर्नु परयो भन्ने सोधिएको प्रश्नमा प्रहरी उपरीक्षक घिमिरेले भने शुरूमा केहि समय राजनीतिक रुपमा दबाव आएपनि अहिले त्यस्तो अवस्था नरहेको सुनाए । आफूले पाएको जिम्मेवारी कर्तव्यनिष्ठ भएर निर्वाह गर्दै केहि जटिल नहुने भन्दै आभाव प्रभाव र दबाबरहित अहिलेसम्म काम गर्दै आएको जनाए ।

आर्थिक शून्य सहनशीलता, प्रहरीको व्यवहारमा परिवर्तन, कार्यलय प्रमुखसँग सहजरुपमा आम नागरिकले भेटेर गुनासो राख्न पाउने व्यवस्था, झुठा जाहेरी दर्ता गराउने प्रचलनको निरुत्साहित, बिचौलिया दलालको प्रतिबन्ध लगाएको कारण अपराधको घटनामा कमी आएको उनको कथन रहेको छ ।

घटनाको विषयमा स्थलगत गहन रुपमा छानबिन अनुसन्धान गरेर मुद्दा दर्ता गर्ने कार्यलाई निरन्तरता दिएको कारण झुठा मुद्दा दिने, घटनामा संलग्न नभएको व्यक्ति माथि मुद्दा दिने प्रवृतिमा कमी आएको दावी उनको रहेको छ ।

सीमा नाकाबाट अवैध रुपमा हुने चोरी निकासी तस्करीमा पनि कमी आएको बताए । आम जनतासँग प्रत्यक्ष सम्पर्क गर्ने कार्यले अहिले नेपाल प्रहरी माथि रौतहटको जनताको विश्वास बढेको प्रहरी उपरीक्षक घिमिरेले दावी गरेका छन् ।

# रौतहटको १० निजी अस्पताल बन्द गर्न मुख्यमन्त्रीको निर्देशन



जनकपुरधाम । रौतहटको गरुडा नगरपालिकामा अनाधिकृत तवरले सञ्चालित १० वटा निजी अस्पताललाई मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले बन्द गर्न निर्देशन दिएका छन् । बिहीबार मुख्यमन्त्री सिंहले त्यहाँस्थित निजी अस्पताल अनुगमनक्रममा सबै १० वटा अस्पताल वैध ढङ्गले सञ्चालन नभएका पाएपछि अस्पताल बन्द गर्ने निर्देशन सञ्चालकहरूलाई दिएका छन् ।

मुख्यमन्त्री सिंहले बन्द गर्न निनर्देशन दिएका नौवटा अस्पताल गरुडा नगरपालिका वडा नम्बर ४ मा र एक अस्पताल वडा नम्बर ५ का छन् । प्रदेश स्वास्थ्य तथा जनसँख्या मन्त्रालयको अस्पताल अनुगमन समितिका सदस्यसचिव सन्तोष ठाकुरका अनुसार गरुडा नगरपालिका वडा नम्बर ४ का अरुण सिटी हस्पिटल प्रालि, अनामिका हस्पिटल प्रालि, श्री नेत्रज्योति आँखा हस्पिटल प्रालि, श्री गौर आँखा अस्पताल, श्री गरुडा अस्पताल प्रालि, रोमा हस्पिटल प्रालि, होप हस्पिटल प्रालि, सनसिटी हस्पिटल प्रालि र श्री सरस्वती हस्पिटल प्रालि तथा गरुडा नगरपालिका वडा नम्बर ५ स्थित आनन्द हस्पिटल प्रालिलाई मुख्यमन्त्री सिंहले बन्द गर्न निर्देशन दिएका हुन् ।

मुख्यमन्त्री सिंहका प्रेस सल्लाहकार अनिलकुमार कर्णले सेवा सञ्चालन अनुमति नलिएका, त्यस्तो अनुमति लिए पनि चार-पाँच वर्षयता नवीकरण नगराएका र कानुनी प्रावधानविपरीत निर्धारित सँख्याभन्दा बढी शय्याको अस्पताल सेवा सञ्चालन अनुमति स्थानीय तहबाट प्राप्त गरेका प्रकृतिका ती अस्पताललाई प्रदेश सरकार प्रमुख सिंहले बन्द गर्न निर्देशन दिएको जानकारी दिए । जनस्वास्थ्य नियमावली २०७७ अनुसार मापदण्ड पुरा नगरी सञ्चालनमा आएका ती अस्पताललाई बन्द गर्न अनुगमन टोलीले अनुगमनक्रममै पत्र दिएको छ ।

अनुगमनक्रममा बन्द गर्न निर्देशन दिइएको आनन्द हस्पिटल प्रालिले स्थानीय तहबाट चालू आर्थिक वर्षमै २५ शय्याको अस्पताल सेवा सञ्चालन स्वीकृति लिएको छ । कानुनअनुसार स्थानीय तहले १५ शय्यासम्मको अस्पताल सेवा सञ्चालन स्वीकृति दिन सक्छ । २५ शय्यादेखि दुई सयसम्म प्रदेश सरकारले र दुई सय शय्याभन्दा माथि सङ्घ सरकारले अस्पताल सेवा सञ्चालन स्वीकृति दिने व्यवस्था छ । स्थानीय तहलाई विशिष्टीकृत अस्पतालको सेवा सञ्चालन अनुमति दिने अधिकार छैन । "तर, कानुनविपरीत कतिपय स्थानीय तहले अधिकार क्षेत्रभन्दा बाहिर गएर तोकिएको १५ शय्याभन्दा बढी क्षमता र विषयगत अस्पताल सञ्चालन अनुमति दिएको अनुगमनक्रममा मुख्यमन्त्रीज्यूले पाउनुभएको छ । यस्तो अनुमति अवैध हो । त्यसैले मुख्यमन्त्रीज्यूले त्यस्ता अस्पताललाई बन्द गरी कानुनअनुसार विधिसम्मत ढङ्गले अनुमति लिएर मात्र अस्पताल सञ्चालन गर्न निर्देशन दिनुभएको हो," मुख्यमन्त्री सिंहका प्रेस सल्लाहकार कर्णले भने ।

# दलाल दलतन्त्रले देश दलदलमा फस्दै गईरहेको छ : प्रभु साह

कलैया । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले नेताहरुले लोकतन्त्रलाई जनता ठग्ने मन्त्र बनाएको टिप्पणी गरेका छन् । लोकतन्त्रको नाममा नेताहरुले राज्यको ढुकुटी सिध्याएर नेपालीमाथि ऋणको भार बोकाएको र विभिन्न भ्रष्टाचारका काण्डले मुलुक धरासायी भएको उनले बताए ।

'अनावश्यक कर आतंकको भण्डाफोर गरौं, भ्रष्टाचार विरुद्धको संघर्षमा सहभागि बनौं' भन्ने मुल नाराका साथ बाराको पिपरा बजारमा बिहीबार पार्टीको सम्पन्न बारागढी गाउँपालिकाको प्रथम भेलालाई सम्बोधन गर्दै आजपा अध्यक्ष साहले भ्रष्टाचारले मुलुक धरासायी बन्दै गईरहेकाले मुलुक बचाउन अब जनता सडकमा आउनुको बिकल्प नभएको बताए ।

'अहिले लोकतन्त्रको नाममा नेताहरुले लुट्ने काम गरिरहेका छन्, उनीहरुले लोकतन्त्रलाई ठग्ने मन्त्र बनाएका छन् । लोकतन्त्रको नाममा राज्यको ढुकुटी सिध्याइसकेका छन्, विदेशी ऋण नेपालीको ठाउकोमा बोकाएका छन् । यि लुटेरा नेताहरुले यती भ्रष्टाचार गरे र मुलुक नै धरासायी भईसकेको छ', आजपा अध्यक्ष साहले भने, 'यि भ्रष्टहरुलाई ठेगान लगाउन नेपाली जनताहरु अब सडकमा आउनुको विकल्प छैन् । मुलुक बचाउन, भ्रष्टहरुबाट जोगाउनका लागि जनता सडकमा आउन खोजेका छन् ।'

अहिले भागबण्डा गरेर भ्रष्टाचार भईरहेको बताउदै उनले दलाल दलतन्त्रका कारण मुलुक दलदलमा फस्दै गईरहेको बताए । सरकारमा भएका दलहरुले मिलेरै भ्रष्टाचार गरिरहेको बताउदै त्यही भएर सरकारले ठुला भ्रष्टाचार काण्डको फाईल पल्टाउन नचाहेको गम्भिर आरोप उनले लगाए । नेपाली कांग्रेस- नेकपा (एमाले) गठबन्धनको वर्तमान सरकार पूर्णरुपमा असफल भैसकेकोले प्रधानमन्त्री केपी शर्मा ओलीलाई तत्काल राजीनामा दिनुपर्ने सुझाव उनले दिए । सरकारकै संयन्त्रले सार्वजनिक गरेको कार्यसम्पादन मूल्यांकन (अर्धवार्षिक रिपोर्ट कार्ड) मा प्रधानमन्त्री आँफै फेल भएको भन्दै कुन नैतिकताले सरकारको नेतृत्वमा बस्न मिल्छ भन्दै साहले प्रश्न गरेका छन् ।

प्रधानमन्त्री ओलीसहित १२ जना मन्त्रीहरुको कार्यसम्पादन रिपोर्टअनुसार ३५ प्रतिशत अंक आएको छैन् । प्रधानमन्त्री ओलीको जम्मा २८ प्रतिशतमात्रै अंक आएको छ । 'देशको नेतृत्वकर्ता नै फेल भएपछि देश कसरी उँभो लाग्छ ? कार्यसम्पादन मूल्यांकनमा उहाँ आँफै फेल हुनुभयो, लाजमर्दो कुरा त के छ भने उहाँको क्याबिनेटमा आधाभन्दा बढि मन्त्रीहरु नै फेल भएका छन् । यो फेलियरहरुको सरकार पुष्टि भैसक्यो, अनि कसरी देशमा सुशासन र विकास हुन्छ त ?' साहले प्रश्न गरे । उनले सरकारले कर आतंक मच्चाएको तर जनतालाई कर तिरेबापत कुनै सेवा तथा सुविधा नदिएकोमा आक्रोश पोखे । उनले नेपाल सरकारले सञ्चालनमा ल्याएका उद्योगहरु घाटामा हुँदा सरकारले कुन मोरलले निजी क्षेत्रसँग कर लिन मिल्छ ? भन्दै प्रश्न गरे । उनले दलको आतंक रोक्नको लागि जनता अब सडकमा आउनुपर्ने आवश्यकता औंल्याए ।


## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट वञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाब नगरौं र खुला दिसापिसाब मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा बिरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट वञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाब नगरौं र खुला दिसापिसाब मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा बिरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट वञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाब नगरौं र खुला दिसापिसाब मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा बिरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

# अमेरिकामा मधेशी एकता समाज गठन



काठमाडौं । गैरआवासीय मधेशीहरुको छाता संगठन मधेशी एकता समाज युनाइटेड स्टेट अफ अमेरिकामा पनि गठन भएको छ । मधेशी एकता समाजका संस्थापक डा.रवीन्द्र यादवले मधेशी एकता समाज यूएसएको आधिकारिक रूपमा गठन भएको जानकारी दिएका छन् ।

डा.यादवले भनेका छन्, 'यो नयाँ संगठन हाम्रो समुदायको एकता, समृद्धि र सामाजिक उत्थानका लागि समर्पित छ । हाम्रो उद्देश्य मधेशी समुदायको हक र अधिकारको रक्षा गर्दै, हाम्रो पहिचान र संस्कृति को सम्मान गर्दै विभिन्न क्षेत्रहरूमा प्रगति गर्न हो ।'

युएसएको कार्यकारी समितिको नेतृत्वमा समुदायका प्रत्येक सदस्यलाई समेटे संगठनलाई थप बलियो र प्रभावशाली बनाउन प्रतिबद्ध रहेको उनले जनाए । उनले भने, 'हामी तपाईंलाई यो प्रयासमा सामेल हुन र हाम्रो समुदायलाई अझ समृद्ध र सशक्त बनाउन सहयोग गर्न आमन्त्रित गर्दछौं ।'

मधेशी एकता समाज यूएसए कार्यकारी समितिका अध्यक्ष अनील साह (टेनेसी), वरिष्ठ उपाध्यक्ष संजय जयमिरे (टेक्सास), उपाध्यक्ष ( अन्तर्राष्ट्रिय) शशी यादव (टेक्सास), उपाध्यक्ष (राष्ट्रिय) प्रो. मनोहर साह (उत्तर डकोटा), महासचिव सुजित झा (टेक्सास), सहसचिव अब्दुल हवारी ( टेक्सास), कोषाध्यक्ष: कृष्ण यादव ( अस्टिन), प्रवक्ता आशिष झा ( कोलोराडो) र प्रमुख प्रविधि अधिकारी बिबेक गुप्ता (टेक्सास) रहेका छन् । यसैगरी, कार्यकारी सदस्यहरू सन्तोष यादव (बोस्टन), अनुषा यादव ( अस्टिन), डा. संबु यादव ( टेक्सास), बसन्त साह (फ्लोरिडा), जितेन्द्र साह (ओक्लाहोमा), अंबिका साह (टेनेसी), राकेश कुमार गुप्ता (क्यान्सस), विकास जायसवाल (अलाबामा) र राजेश कुमार यादव (टेक्सास) रहेका छन् ।

त्यस्तै, सल्लाहकारहरू दिपेश वर्मा, डा. उमेश यादव, रामकृष्ण यादव, राकेश यादव, देवेन्द्र यादव, हेमन्त झा, संजय यादव र राजीव यादव रहेका छन् ।

मधेशी एकता समाज युएसए टेक्सास च्याप्टर समितिको गठन र सन्देश

हामी मधेशी एकता समाज युएसए ( :झ्क) टेक्सास च्याप्टरको नयाँ समितिको घोषणा गर्दै यो महत्वपूर्ण अवसरमा सम्पूर्ण समुदायलाई अवगत गराउन चाहन्छौं। यस समितिको उद्देश्य हाम्रो मधेशी समाजको सशक्तिकरण, शिक्षा, संस्कृति र सामाजिक सेवामा योगदान पुर्याउनु हो। हाम्रो उद्देश्य समुदायको समस्याहरूको समाधान गर्नु र समाजलाई अझ एकजुट र समृद्ध बनाउनु हो।

नयाँ समितिको अध्यक्ष बचेलाल यादव, वरिष्ठ उपाध्यक्ष अनु यादव, उपाध्यक्ष भोपाल साह, महासचिव: अनिल राजभर, सहसचिव अंकेश यादव, कोषाध्यक्ष मनिष मिश्रा र महिला समन्वयक अन्जु सोनी रहेका छन् । यसैगरी, कार्यकारी सदस्यहरु लाल बाबु साह, अंबिका यादव, जितेन्द्र सरोफ, पामी यादव, प्रमोद यादव, रञ्जिता यादव, बल्मीकि यादव, रञ्जित यादव, रोशनी राजभर, आदित्य साह, रमेश यादव, राकेश गुप्ता, राधा साह, महेश गुप्ता, रुणा झा, चन्दा यादव, शान्ति गुप्ता, अञ्जना यादव, नितु यादव र खुशबु यादव रहेका छन् ।

# जसपा नेपाल निकट कानून व्यवसायी केन्द्रीय समिति पुनर्गठन



काठमाडौं । जनता समाजवादी पार्टी, नेपाल निकट संघीय कानून व्यवसायी संघ (एफएलए) केन्द्रीय कार्यसमिति पुनर्गठन भएको छ । जसपा नेपालको पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा शनिबार आयोजित कानून व्यवसायीहरुको एक भेलाले वरिष्ठ अधिवक्ता विरेन्द्र कुमार ठाकुरको नेतृत्वमा १५ सदस्यीय केन्द्रीय समिति पुनर्गठन गरेको हो ।

कानून व्यवसायीहरुको उक्त छाता संगठनको उपाध्यक्षमा अधिवक्ता दिप नारायण यादव, भगवती सुवेदी र किरण कुमारी साह चयन भएका छन् भने महासचिवमा अधिवक्ता प्रिती रमण र सचिवमा साया खड्का चुनिएका छन् ।

यसैगरी, समितिको सदस्यमा विमला विश्वकर्मा, उमाशंकर देव, अस्मिता थापा, रसना यादव, रामचन्द्र महतो, मोहम्मद समिम, सुरेन्द्र कुर्मी र घनश्याम शर्मा चयन भएका छन् । समितिको केन्द्रीय सल्लाहकारमा वरिष्ठ अधिवक्ता मिथिलेश कुमार सिंहलाई चयन गरिएको छ ।

यही चैत्र २३ गते हुने नेपाल बार एसोसिएनको निर्वाचनमा अन्य दलसँग सम्वद्ध कानून व्ययसायीको संगठनहरुसँग वार्ता, छलफल र सहकार्य गरी उम्मेदबारी दिने निर्णय भएको छ । सोका लागि बैठकले मिथिलेश कुमार सिंह, विमला विश्वकर्मा, आशा राई र विरेन्द्र कुमार ठाकुरलाई जिम्मेबारी तोकेको छ ।

यसअघि संघको केन्द्रीय अध्यक्ष रहेका अधिवक्ता दिपक राई अन्य पार्टी निकटको संगठनमा आबद्ध भइसकेकोले साधारण सदस्य समेत नरहने गरी बैठकले उनलाई निष्काशन गरेको छ ।




## जिल्ला समाचार

### नोट छाप्ने र पैसा डबल गरिदिने ठगी गिरोह विरूद्ध राजविराजमा प्रदर्शन

सप्तरी । नोट छाप्ने र पैसा डबल गरिदिने ठगी गिरोह विरूद्ध राजविराजमा बिहीबार पनि हजारौंको संख्यामा उपस्थित भएर प्रदर्शन भएको छ । प्रदर्शनकारीहरूले गत महिनादेखि ठगी गिरोहका नाइकेहरुबाट असुरक्षित भएको, प्रहरी र सरकारी वकील कार्यालयको मिलेमतोमा ठगी गिरोहका नाइकेहरूलाई हिरासत बाहिर जान दिएको, पक्राऊ नगरेको र मुद्दा कमजोर बनाएर उन्मुक्ति दिन खोजेको भन्दै प्रदर्शन गर्दै आएका छन् । ठगी गिरोहका नाइकेहरूले सबै ठाउँमा यसरी कुरा मिलाएका छन् कि पीडितहरूले वकील समेत पाउन सकेका थिएनन् । कुनै स्थानीय पत्रकारहरुले समाचार बनाउँदैनन्, किनकि ठगी गिरोहमा पत्रकार महासंघकै कति सदस्यहरूकै समेत संलग्नता रहेको आरोप लागेको छ । सप्तरीका पत्रकारहरूले आफू विरूद्ध समाचार लेख्ला भनेर कैयौं पत्रकारहरू संलग्न रहेको ठगी काण्ड होस् कि अस्तिको २४ क्विन्टल गाँजा पक्राऊ काण्ड, सप्तरी प्रहरीले तदारुकता देखाउन मानेका छैनन् । गृह मन्त्रालय र नेपाल सरकारले उनीहरूलाई न्याय दिन अविलम्ब पहल गर्नु पर्छ, किनकि ठगी पीडित कति त आत्महत्या गर्ने चरणसम्म पुगिसकेका छन् ।

### सुख्खा बन्दरगाहका लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा छिट्टै दिइने

वीरगञ्ज । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले वीरगञ्जस्थित सुख्खा बन्दरगाह विस्तारका लागि सरकारले अधिग्रहण गरेको जग्गाको मुआब्जा अझै वितरण हुन नसकेकोमा चिन्ता व्यक्त गरेका छन् । वीरगञ्ज-२५ मा अवस्थित सुख्खा बन्दरगाहको निरीक्षण भ्रमण तथा जनताको गुनासो बुझ्न अतिक्रमित गाउँ पुगेका मन्त्री गुप्ताले जग्गाधनीहरूले लामो समयसम्म पनि मुआब्जा पाउन नसक्नु चिन्ताको विषय भएको बताएका हुन् । अतिक्रमित गाउँ पुगेका मन्त्री गुप्तालाई त्यहाँका स्थानीयहरूले फूलमाला र खादाले भव्य स्वागत गर्दै सरकारका जिम्मेवार निकायहरूमा आफूहरूको गुनासो सुनाइदिन आग्रह गरे । मुआब्जा पीडित सङ्घर्ष समितिका बिजय कुमार तिवारीले वर्षौंदेखि जग्गा अधिग्रहण गरेर सरकारले पीडितलाई मुआब्जा नदिँदा स्थानियवासी मर्कामा परेको सुनाए । यो समस्यालाई तत्काल सम्बोधनका लागि संसदमा समेत विषय उठान गरिदिन उनले मन्त्री गुप्तालाई आग्रह गरे । सो अवसरमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले बाँकी रहेको मुआब्जासम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाइसकिएको जानकारी दिँदै अब जग्गाधनीहरूले छिट्टै मुआब्जा पाउने विश्वास व्यक्त गरे । सरकारले सुख्खा बन्दरगाह विस्तारका लागि वीरगञ्ज-२५ को करिब ३०० घरधुरी भएको ६२ बिघा जग्गा सात वर्ष अगाडिदेखि रोक्का गरेर राखेको छ । कार्यक्रममा मुआब्जा पीडित सङ्घर्ष समितिका अशोक चौधरी, वडाध्यक्ष आशुतोष चतुर्बेदी, वडा नम्बर १७ का वडाध्यक्ष सञ्जु छत्कुली, सञ्जय पटेल, भैयाराम प्रसाद, रामानन्द पटेल, शिव पटेललगायतको सहभागिता थियो ।

### ग्यालेक्सी हायर सेकेण्ड्री बोर्डिङ्ग स्कुलको ३४औं वार्षिकोत्सव मनाइयो

जनकपुरधाम । ग्यालेक्सी हायर सेकेण्ड्री बोर्डिङ्ग स्कुलको ३४औं वार्षिकोत्सवको अवसरमा प्रमुख अतिथि तथा शिक्षा तथा सँस्कृति मन्त्री रानी शर्मा तिवारीले विद्यालयलाई बधाई दिँदै विद्यालय परिवारको उच्च प्रशंसा गरेकी छन् । मन्त्री तिवारीले नीजि तथा सामुदायिक विद्यालयहरुको अनुगमन अनिवार्य हुने बताएकी हुन् । अहिले नीजि विद्यालयहरुको नयाँ दर्ता तथा अपग्रेड नभएको बुझिएकोले सो सम्बन्धीत विद्यालयले समयमै गर्न गराउन समेत उनले आग्रह गरिन् । साथै सम्बन्धित पालिकाहरुले समेत सो कार्यमा सम्बन्धित विद्यालयलाई सहयोग गर्न आग्रह समेत गरिन् । कार्यक्रम सो विद्यालयका प्राचार्य अमरेन्द्र कुमार झाको अध्यक्षतामा संचालन भएको थियो भने विशिष्ट अतिथिको रुपमा मधेश प्याब्सनको सल्लाहकार भोला मिश्र, केन्द्रीय सचिव पवन कुमार साह, के.कोषाध्यक्ष अविनाश प्रसाद सिंह, प्रदेश संयोजक मुरारी लाल कर्ण, जिल्ला अध्यक्ष सुजित मिश्र, अभिभावक, गुरुवर्ग, विद्यार्थीहरु, पत्रकार, नागरिक समाज, सुरक्षाकर्मीहरुको बाक्लो उपस्थिति रहेको थियो ।

### 'संघीय निजाती सेवा ऐनको विवाद निरूपण भइसक्यो, अब चाडै पारित गर्छौं'

पर्सा । संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले आफ्नो पार्टी नेकपा एमालेले देशको विकास र समृद्धिको नेतृत्व गर्ने बताएका छन् । नेकपा एमाले बिन्दबासिनी गाउँपालिका कमिटीले सोमबार बिन्दबासिनीको बहुवर्वाभाट्ठामा आयोजना गरेको दोस्रो गाउँपालिका अधिवेशन कार्यक्रममा मन्त्री गुप्ताले नेकपा एमालेले सरकारको नेतृत्व गर्दा विकासका धेरै काम भएको चर्चा गर्नुहुँदै देशको विकास र समृद्धिको नेतृत्व एमालेले गरिरहेको बताएका हुन् । नेकपा एमालेका केन्द्रीय सदस्य समेत रहेका मन्त्री गुप्ताले २०५१ मा गठन भएको एमाले नेतृत्वको सरकार र २०७२ को राजनीतिक परिवर्तनपछि गठन भएको सरकारको नेतृत्वले गरेको विकासका कामले आम नागरिकको मन जितेको बताए । 'अहिले पनि तीनै तहमा एमाले नेतृत्व आएमा नागरिकको समृद्धिको थप आकाङ्क्षा पूरा हुनसक्छ,' उनले भने । एमालेले समाजमा सहयोग आवश्यक पर्ने वर्गलाई विशेष सम्मान र आरक्षण गर्दै आएको उनको भनाइ छ । ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता एमाले नेतृत्वको सरकारले ल्याएको र समयानुसार बढाएको साथै जनता आवास कार्यक्रम र प्रत्येक गाउँलाई शहरसँग जोड्ने योजनाअन्तर्गत हुलाकी राजमार्गको योजना समेत नेकपा एमालेले ल्याएको उनले बताए । यस्तै, नेपाली कांग्रेस र नेकपा एमालेले नेतृत्व गरेको वर्तमा सरकारमा आफूले पाएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको जिम्मेवारी सम्हाल्दै देशकै प्रमुख समस्याको रूपमा खडा भएको संघीय निजामती सेवा ऐनको विवाद पटक-पटक वार्ता र छलफल गर्दै अन्तिम चरणसम्म पुऱ्याएको जानकारी उनले दिए । सो ऐन केही दिनभित्रै पारित गरी राष्ट्रसेवक कर्मचारीहरूलाई खुसी दिने दाबी उनको छ ।

# नेपाल र भारतबीच खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विकासका लागि समझदारी



काठमाडौं । नेपाल र भारतबीच खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रको विकास सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

भारतको राजधानी नयाँ दिल्लीमा आयोजित एक विशेष कार्यक्रमकाबीच सोमबार खानेपानी मन्त्री प्रदीप यादव तथा भारत सरकारका जलशक्तिमन्त्री सिआर पाटीलले सो महत्वपूर्ण समझदारी पत्रमा हस्ताक्षर गरेका हुन् ।

भारत र नेपाल सरकारबीच खानेपानी, सरसफाइ र फोहोर व्यवस्थापन क्षेत्रमा सहयोग विस्तार गर्न सम्झौता पत्रमा हस्ताक्षर भएको तथा खानेपानीको स्रोतको विकास, स्वच्छ पानीको पहुँच, सरसफाइ प्रवर्द्धन, फोहोर व्यवस्थापन र नेपाल सरकारको प्रयासलाई सशक्त बनाउने उक्त सम्झौता पत्रको लक्ष्य रहेको छ ।

भारत गणराज्य सरकार र नेपाल सरकार दुवै देशहरूबीच मैत्रीपूर्ण सहकार्यलाई प्रवर्द्धन गर्ने र स्वच्छता क्षेत्रमा अन्तर-सरकारी सहकार्यलाई सुदृढ गर्ने आकांक्षा राख्दै, जल सुरक्षासम्बन्धी नेपाल सरकारका प्रयासहरू तथा चिन्ताहरूलाई स्वीकार गर्दै, नेपालमा सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्दै, सुरक्षित वातावरणमा जनताको जीविकोपार्जनलाई सक्षम तुल्याउने उद्देश्य राखिएको उक्त सम्झौतापत्रमा उल्लेख गरिएको छ ।

सम्झौतामा भूमिगत पानी व्यवस्थापन, प्रविधि तथा सूचना आदान-प्रदान, वर्षातको पानी सङ्कलन तथा मापन, प्रविधि साझेदारी, नेपाल सरकारलाई प्रविधि तथा तालिम सहयोग रहने उल्लेख गरिएको छ । उक्त सम्झौताले भारत र नेपालबीच खानेपानी तथा सरसफाइ क्षेत्रमा आपसी सहयोग बलियो बनाउने लक्ष्य राखिएको छ ।

कार्यक्रममा भारतका लागि नेपालका राजदूत शंकरप्रसाद शर्मा, नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव, भारत सरकारको जलशक्ति मन्त्रालयका सचिव द्वय अशोक मिणा, देवश्री मुर्खजी, नेपाली राजदूतावासका उपनियोग प्रमुख डा.सुरेन्द्र थापा, खानेपानी मन्त्रालयका सचिव ई प्रमिलादेबी शाक्य बज्राचार्य, सहसचिव ई मीना श्रेष्ठ, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक ई रामकुमार श्रेष्ठलगायतको सहभागिता रहेको छ ।

# राप्ती आखा अस्पतालको अपरेशन थिएटर भवन निर्माणको शिलान्यास



दाङ । भारत सरकारको आर्थिक सहयोगमा जिल्लाको तुलसीपुर उपमहानगरपालिकास्थित राप्ती आँखा अस्पतालको अपरेशन थिएटर भवन निर्माणको शिलान्यास गरिएको छ ।

मंगलबार दाङको तुलसीपुर उपमहानगरपालिकाका मेयर टीकाराम खड्का र काठमाडौंस्थित भारतीय दूतावासका प्रथम सचिव वशिष्ट नन्दनले संयुक्त रूपमा शिलान्यास गरेका हुन् । यस अवसरमा राजनीतिक प्रतिनिधिहरू, सरकारी अधिकारीहरू र समाजसेवीहरूको पनि उपस्थिति रहेको थियो ।

'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा नेरु ४.३३१ करोड परियोजना लागतमा राप्ती आँखा अस्पतालको अपरेशन थिएटर भवन निर्माण भइरहेको छ ।

'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको अनुदानबाट अपरेशन थिएटर भवन र अन्य सम्बद्ध सुविधाहरू निर्माण भइरहेको छ । यो परियोजना उच्च प्रभाव सामुदायिक विकास परियोजना ( एचआईसीडीपी) को रूपमा अघि बढेको छ र तुलसीपुर उप-महानगरपालिका, दाङ मार्फत कार्यान्वयन भइरहेको छ ।

तुलसीपुर उप-महानगरपालिका, दाङका मेयर तथा राप्ती आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष र अन्य सरोकारवालाहरूले नेपालका जनतालाई भारत सरकारले प्रदान गरिरहेको विकास सहायताको प्रशंसा गरे । उनीहरूले निर्माण भइरहेको पूर्वाधारले नेपालका जनतालाई राम्रो स्वास्थ्य सेवा प्रदान गर्न मद्दत गर्ने र नेपालको लुम्बिनी प्रदेशमा स्वास्थ्य क्षेत्रको समग्र विकासमा पनि योगदान पुर्याउने विश्वास व्यक्त गरे ।

सन् २००३ यता नेपालका विभिन्न क्षेत्रमा ५६३ वटा भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरु अघि बढाइएका छन् र ४९५ वटा परियोजनाहरु सम्पन्न भइसकेका छन् । यी मध्ये ६२ वटा परियोजना लुम्बिनी प्रदेशमा रहेका छन् ।

यसका साथै भारत सरकारले नेपालका विभिन्न अस्पताल, स्वास्थ्य चौकी र शैक्षिक संस्थालाई १००९ वटा एम्बुलेन्स र ३०० वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिसकेको छ । जसमध्ये लुम्बिनी प्रदेशमा १६४ वटा एम्बुलेन्स र ४३ वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिएको छ ।

यी मध्ये, दाङमा १९ वटा एम्बुलेन्स र ४ वटा स्कूल बस उपहारस्वरुप प्रदान गरिएको छ। जसमा दाङको राप्ती आँखा अस्पताललाई प्रदान गरिएको एउटा एम्बुलेन्स समावेश छ ।

नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरुको (ज्क्ष्ऋम्ए) कार्यान्वयनले प्राथमिकता क्षेत्रहरूमा पूर्वाधारको विस्तार गरी जनताको विकासका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

# जसपा नेपाल निकट १५ सदस्यीय केन्द्रीय खेलकूद महासंघ गठ



काठमाडौं । जनता समाजवादी पार्टी, नेपाल निकट समाजवादी खेलकूद महासंघ केन्द्रीय तदर्थ समिति गठन भएको छ । शनिबार जसपा नेपालको पार्टी कार्यालय बालकुमारीमा आयोजित भेलाले १५ सदस्यीय समाजवादी खेलकूद महासंघ गठन गरेको हो ।

युवा, विद्यार्थी तथा खेलकूद विभाग प्रमुख विन्देश्वर यादव 'विक्की' को अध्यक्षतामा बसेको बैठकले महासंघको उपाध्यक्षमा दिनेश महतो, महासचिवमा राजेश गुप्ता र सचिवमा दिपेन्द्र गोइत चयन गरेको छ ।

यसैगरी, सन्तोष दास, जितेन्द्र यादव, रविन्द्र श्रेष्ठ, कृति साह, विक्रम पौडेल, सनोजराज बैद्य, मृगेन्द्र विक्रम साह, अनिल यादव, धर्मदेव साह, रोमा राई, कर्मा महर्जन र दिपेन्द्र कुमार यादव महासंघको सदस्यमा चयन भएका छन् ।

अर्को बैठकले बाकी पदाधिकारी र सदस्यहरुको चयन गर्ने महासंघले जनाएको छ ।

## गौर...

लागि बनाउने उद्देश्यले विगत लामो समयदेखि प्रयास गर्दै आइरहेकोमा संचालक समितिले भोग अनुसार खेलकूदका लागि २ बिघा १५ कट्ठा जग्गा दानमा गौर नगरपालिकालाई पास गर्ने र बाँकी जग्गा बिक्री गर्ने गरेको सहमति नगरप्रमुखले सार्वजनिक गरेपछि असन्तुष्ट पक्षले सम्पूर्ण जग्गा मुआब्जा दिएर अधिग्रहण गर्नु पर्छ भने दबाब सृजना गर्ने उद्देश्यले विरोधमा उत्रिएका छन् ।

तत्कालीन प्रदेश २ का मुख्यमन्त्री मोहम्मद लालबाबु राउत गद्दी र मधेश प्रदेशका तत्कालीन पूर्वमुख्यमन्त्री सरोज यादव नेतृत्वको सरकारले जग्गा अधिग्रहणका लागि भनेर रेड बुकमा १५ करोड रुपैयाँ छुट्याए पनि सो रकम निकासा नदिँदा अहिलेसम्म अधिग्रहण प्रक्रिया ओझेलमा नै परेकोमा संचालक समितिसँगको पटक-पटक छलफल गरी निःशुल्क रुपमा जग्गा दिन त्यार भएकोले बाँकी जग्गा बिक्रीका लागि खुल्ला गर्ने निर्णय कार्यपालिकाको बैठकबाट गरेको भनी मेयर साहको भनाइ रहेको छ ।

प्रदेश सरकारले विनियोजन गरेको रकम नपठाउँदा अधिग्रहण गर्न समस्या भएकोले आपसी समझदारीले दान वापतमा पौने तीन बिघा जग्गा नगरपालिकाले लिन लागेकोले करीब १५ करोड ५६ लाख रकम जोगिएकोले नगरपालिकाले सो बचत भएको रकमबाट क्रिकेटका लागि अन्य ठाउँमा पर्याप्त जग्गा व्यवस्थापन गर्न सहज हुने नगर प्रमुख साहको योजना रहेको छ ।

गौर राइस मिलको नाउँमा सर्वे भएको जग्गामध्ये वर्तमान अवस्थामा १ बिघाभन्दा बढी जग्गा अतिक्रमणमा परेको मेयर साहले दावी गरेका छन् । निर्वाचित जनप्रतिनिधिहरुले नगर प्रमुखले गरेको निर्णयले नगरपालिकाको आर्थिक बचत भएको भन्दै निर्णयको समर्थनमा रहेका छन् ।

रौतहट निर्वाचन क्षेत्र नम्बर १ को प्रदेश सभा (क) बाट निर्वाचित प्रदेश सांसद नागेन्द्र प्रसाद साहको नेतृत्वमा निकालिएको विरोध रैलीले सम्पूर्ण जग्गा गौर नगरपालिकाले अधिग्रहण गर्नु पर्ने भन्दै गौर नगरपालिका र जिल्ला प्रशासन कार्यालय रौतहटमा ज्ञापन पत्रसमेत बुझाएका छन् । प्रदेश सांसद साहले संचालक समितिले निःशुल्क रुपमा दिने जग्गा बाहेक बाँकी रहेको जग्गा पनि गौर नगरपालिकाको नाउँमा हुनु पर्ने धरना राखेका छन् । उनले बाँकी जग्गाका लागि दिनु पर्ने रकम प्रदेश सरकारबाट दिलाउनका लागि सरकारलाई दबाब दिने बताउँदै बिक्री वितरणको चलखेल भए ठूलो विद्रोह हुने चेतावनी समेत दिएका छन् ।

विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुले जग्गा बिक्री गर्न पाइदैन भने पक्षमा उभिएका छन् । गौर नगरपालिका वडा नम्बर १ का पूर्ववडा अध्यक्ष भरत साहले दानमा दिइने जग्गा बाहेक बाँकी रहेको जग्गा सरकारी मूल्याङ्कन अनुसार या आपसी सहमतिमा पनि रकम दिएर नगरपालिकाको नाउँमा पास गराउनु पर्ने बताएका छन् ।

## पिछडावर्ग...

तीनवटै विकास समितिमा लामो समयदेखि कार्यरत अवकासित कर्मचारीलाई यथाशीघ्र पुनः नियुक्ति गर्न माग गरेको छ ।

ओबीसीका यी मागहरु सरकारले पूरा नगरेसम्म आन्दोलन जारी रहने महासंघका अध्यक्ष गजेन्द्र ठाकुरले बताएका छन् । उनले भने, 'अहिले हामी शान्तिपूर्ण धर्नामा बसेका छौं, हाम्रा मागहरुप्रति सरकारले बेवास्ता गरे जक्काजामसम्मको कार्यक्रम गर्न बाध्य हुनेछौं ।'

'नेपाल पिछडावर्ग (ओबीसी) महासंघले नेपाल सरकारका गलत रबैयाका कारण फेरि अन्दोलनमा जान बाध्य भएको छ । सरकारमा बस्ने अधिकांश नेताहरु आफ्नो स्वार्थ पूरा गर्नका लागि दलित, मुस्लिम, आदिवासी, जनजाति, बादि सामुदाय र पिछडावर्ग पर्ने जातजातिहरूको हकअधिकारवाट बंचित गरेका छन् । संघदेखि पालिकासम्म लक्षित वर्ग शीर्षक बजेट सबै भष्ट्राचार गरिन्छ । नेपाली जनताहरू आआफ्ना अधिकारको लागि नेपाल सरकारसँग लडेर अधिकार सुनिश्चित गराउनु पर्नेछ ।' उनले भने ।

'ओबीसीको थर सूचिकरण गरी आरक्षण लागू गर', 'पिछडावर्ग, दलित र वादी समुदायसँग पटक-पटक भएका सम्झौताहरु लागू गर' र जबरजस्ती अवकास गरेका तिन वटै समितिका कर्मचारीहरुलाई पुनः बहाली गर' लगायतका ब्यानरसहित धर्ना कार्यक्रम सुरु गरेको हो ।


## बालबालिकामा शिक्षाको पहुँच पुर्‍याऔं

- उमेर पुग्ने बित्तिकै बालबालिकालाई विद्यालय भर्ना गरौं,
- विद्यालयमा बालबालिका रमाउने वातावरण सिर्जना गरौं,
- घर परिवारमा सिकाइको वातावरण तयार गरौं,
- बालबालिका मैत्री शिक्षण सामग्री प्रयोग गरौं,
- बालबालिकाको रुचिबमोजिम खेल्दै, पढ्दै सिक्ने वातावरण निर्माण गरौं,
- बालबालिकाको फरक क्षमता अनुसार सिकाइको अवसर प्रदान गरौं,
- बालबालिकालाई पढाईका साथसाथै अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड






पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं